**मजदुर विज्ञापन शाखा**
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



★ वर्ष : २८ ★ अङ्क : ९६ ★ ने. सं. ११४६ बछला थ्व, त्रयोदशी ★ बुधबार ★ १६ वैशाख, २०८३ ★ April 29, 2026, Wednesday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८


# शिक्षकप्रति उच्च सम्मान र उच्च मनोबल हुने कार्य गर्नुपर्छ

भक्तपुर, १५ वैशाख । नेपाल क्रान्तिकारी शिक्षक सङ्घ जिल्ला समिति भक्तपुरको आयोजनामा १३७ औँ मे दिवस शिक्षक भेला गरी मनाइयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं बाग्मती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईंले देश विकासको लागि शिक्षा एक आधार हो भन्दै राज्य र समाजले शिक्षकप्रति उच्च सम्मान र उच्च मनोबल हुने कार्य गर्नुपर्छ भन्नुभयो । राज्यले शिक्षामा पहिलो प्राथमिकताका साथ अगाडि बढाउनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले सरकारले अव्यवहारिक र अपरिपक्व निर्णय गरेर शैक्षिक क्षेत्रको विकास सम्भव नहुने बताउनुभयो । उहाँले सरकारको दुई दिनको बिदाबाट विशेषगरी गरिब वर्गका छोराछोरीहरूले मार खानुपर्ने हुन्छ भन्नुभयो ।

अमेरिका सबभन्दा कमजोर बिन्दुमा पुगेको उल्लेख गर्दै उहाँले अमेरिकाले इजरायलबाहेक संसारमा कुनै मित्र नपाएको बताउनुभयो । अमेरिकाको काँध चढेर सरकारमा गएका दलहरूलाई खबरदारी उहाँले गर्नुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घ केन्द्रीय समितिका कोषाध्यक्ष चक्रबहादुर चाकतुले बढीभन्दा बढी काम गराएर कम ज्याला दिनु एक प्रकारको शोषण हो भन्दै वर्तमान समयमा शारीरिकभन्दा बौद्धिक क्षेत्रमा काम गर्ने मजदुरहरूको सङ्ख्या बढ्दै गएको बताउनुभयो ।

उहाँले शारीरिक र बौद्धिक मजदुरको एकता अति आवश्यक रहेको स्पष्ट पार्नुभयो ।

उहाँले शक्ति राष्ट्रले प्राकृतिक स्रोतको साधनमा आफ्नो पक्कड जमाउन खोज्नु पनि वर्तमान युद्धको कारण हो भन्नुभयो । मजदुरहरू नै उत्पादनको मुख्य साधन हो भन्दै उहाँले ज्यालामा विभेदीकरण गरी मजदुरमाथि शोषण गरिरहेको बताउनुभयो । उहाँले ज्यालाको सिद्धान्तअनुसार योग्यताअनुसार काम र कामअनुसार ज्याला दिनुपर्ने बताउनुभयो ।



कार्यक्रम नेपाल क्रान्तिकारी शिक्षक सङ्घ जिल्ला समिति भक्तपुरका अध्यक्ष गणेशराम थुसाको सभापतिमा भएको थियो । उहाँले मे दिवसको महत्त्व अहिले पनि त्यति नै रहेको चर्चा गर्दै मजदुर आन्दोलनको उपलब्धिबाट मजदुरहरूले सुविधा पाएका हुन् भन्नुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी शिक्षक सङ्घ जिल्ला समिति भक्तपुरका सचिव राजन लाखाले पनि बोल्नुभएको थियो ।

**गोल्मढीमा पनि अन्तर्राष्ट्रिय श्रमिक दिवस**

यसैगरी नेपाल मजदुर किसान पार्टी, भनपा ७ वडा समितिको आयोजनामा १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा प्रवचन कार्यक्रम सोमबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले गत भदौ २३ र २४ गते भएको घटनाको परिणाम भनेको पुरानो जमिनदार शासकको ठाउँमा नयाँ जमिनदार तथा धनाढ्यहरूलाई शासन सत्तामा पुऱ्याउने बाहेक अरु केही हुन सकेन, काम गरी खाने जनताको शासन यो होइन भन्नुभयो । उहाँले सन् १९१७ को रुसी समाजवादी क्रान्तिको परिणामस्वरूप त्यहाँका मजदुर, किसानको जीवनलाई अत्यन्त सहज बनाउनुका साथै निःशुल्क शिक्षाको बन्दोबस्त, निःशुल्क स्वास्थ्यको बन्दोबस्त गरेर रुसी जनताको जीवनस्तरमा तत्काल सकारात्मक प्रभाव पार्ने कार्य भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "नयाँ बनेको सरकार जनताको सरकार भएको भए ३६५ दिन नै जनतालाई सरकारी अस्पतालबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नुपर्थ्यो । निःशुल्क शिक्षाको सुनिश्चित गर्नुपर्थ्यो ।"

*बाँकी पृष्ठ ८ मा*

# जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप - १२

**प्रहरी प्रभाग बुढानीलकण्ठका कार्यालय प्रमुख प्रहरी निरीक्षक नारायण सिंह बिष्ट**

भदौ २३ गते मेरो डिउटी एरिया सामान्य रह्यो । भदौ २४ गते भीड पूर्णरूपमा दङ्गामा परिणत भइसकेको अवस्था, अन्य सुरक्षा निकायबाट बलियो समर्थन नपाइनु, घातक हतियार प्रयोग नगर्नु भन्ने निर्देशन र उग्र भीडको सङ्गठनात्मक स्वरुपका कारण प्रहरी मात्रले नियन्त्रणमा लिन नसक्ने अवस्था सिर्जना भएको थियो ।

सशस्त्र प्रहरी तैनाथ भए पनि असामान्य अवस्थामा कुनै सहयोग नपाएकोले सुरक्षा निकायबिच कुनै तालमेल नै हुन सकेन ।

**प्रहरी प्रभाग काँडाघारीका कार्यालय प्रमुख प्रहरी निरीक्षक राजन थापा**

भदौ २३ गते माइतीघरतर्फबाट आएको भीड मिश्रित प्रवृत्तिको थियो । केही अत्यन्त उत्तेजित र उग्र व्यवहार प्रदर्शित गर्दै थिए ।

भदौ २४ गते आगजनी, लुटपाट र तोडफोड भएको साथै संसद् भवन एरियामा आगजनी, तोडफोड, लुटपाट भएको रेडियो सेटबाटै सुनी थाहा पाएको हुँ ।

**काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय, रामशाहपथका कार्यालय प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारी**

भदौ २३ र २४ गते देशव्यापी रूपमा जियनजेडहरूको प्रदर्शन तथा आन्दोलनको कार्यक्रम देशैभरि भएको र इँटा, ढुङ्गामुढा गरिरहेको उत्तेजित भीडलाई सम्झाइबुझाइ गर्दै दिउँसो करिब १६ बजेसम्म कार्यालयको मुख्यगेटमा नै रोकिराखेका थियो । पछि थपिँदै आएको उत्तेजित भीडबाट जताततैबाट पेट्रोल बम, ढुङ्गामुढा, इँटा, खुडा र खुकुरी प्रहार गर्दै कार्यालयको मुख्य गेट नै तोडफोड गरी प्रवेश भई आगजनी गर्नुको साथै लुटपाट तथा हिंसात्मक गतिविधिहरू गर्न थालेपछि कार्यालयलाई सुरक्षित राख्ने उद्देश्यले बारम्बार सञ्चार सेटमार्फत तालुक कार्यालय र सम्बन्धित नजिकको सिभिल प्रहरी एकाइहरूबाट थप सहयोग मागिए तापनि त्यतिबेला अत्यधिक भीड भएको र अन्य स्थानहरूमा समेत झडप भइरहेको कारण तत्काल सहयोग प्राप्त हुन सकेन ।

भदौ २४ गते अन्दाजी १६:१० बजेतिरको समयमा ठूलो समूहले यस कार्यालयको मुख्य ढोका तथा पर्खाल भत्काउँदै जताततैबाट पेट्रोल बम, ढुङ्गामुढा, इँटा, खुडा र खुकुरीसहित कार्यालय परिसरभित्र प्रवेश गरी तोडफोड र आगजनी गर्ने समूहलाई खटिएका प्रहरी कर्मचारीहरूले अत्यन्त संयमता अपनाई सरकारी सम्पत्ति तोडफोड तथा आगजनी नगर्न अनुरोध गर्दा गर्दै उत्तेजित भई कार्यालय आगजनी गरी क्षति पुऱ्याएको हो ।

प्रदर्शनकारीहरूले प्रहरीबाट लुटिएका विभिन्न राईफल तथा पेस्टोलसमेत देखाएर हिंसात्मक बन्दै कार्यालय परिसरमा रहेका सवारी साधनहरू आगजनी गरे ।

**व्यङ्ग्यचित्र कुनो**




# भक्तपुर नगरपालिकाद्वारा जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरलाई सुरक्षा सामग्रीहरू हस्तान्तरण



भक्तपुर, १५ वैशाख । भक्तपुर नगरपालिकाले भनपा वडा नं. १ दूधपाटीस्थित जुद्ध बारुण यन्त्र कार्यालय, भक्तपुरलाई आगलागी नियन्त्रण गर्न रु. ६ लाख ९३ हजार बराबरको सुरक्षा सामग्रीहरू SCBA (Self Containing Breathing Apparatus) सेट २ थान र बुट १५ सेट हस्तान्तरण गऱ्यो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरका कार्यालय प्रमुख विजयप्रसाद धौभडेललाई मङ्गलबार एक कार्यक्रम आयोजना गरी उक्त सामग्रीहरू हतान्तरण गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले विपद्का सम्भावित दुर्घटनालाई ध्यानमा राखेर नगरपालिकाले सहयोग सामग्री वितरण गर्दै आएको उल्लेख गर्दै जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरले सक्रियतापूर्वक काम गरिरहेको छ भन्नुभयो ।

जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरका कार्यालय प्रमुख विजयप्रसाद धौभडेलले जुद्ध बारुण यन्त्र कार्यालय सबैको साझा संस्था भएको बताउँदै आगलागी नियन्त्रण कार्यमा कुनै कमी कमजोरी हुन नदिने विचार व्यक्त गर्नुभयो । आगामी दिनमा पनि भक्तपुर नपाको साथ र सहयोगको अपेक्षा राख्दै उहाँले दक्ष जनशक्तिहरूबाट जुद्ध वारुण यन्त्र कार्यालयले सेवा प्रवाह गर्दै आएको उल्लेख गर्नुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले पनि बोल्नुभएको उक्त कार्यक्रममा भक्तपुर नगरपालिका विपद् व्यवस्थापन समितिका पदाधिकारी र भक्तपुर नपाका शाखा प्रमुखहरूको उपस्थिति थियो ।



भक्तपुर नगरपालिका वडा नं. ४ स्थित तालाको दम्फोमा अवस्थित फल्चाको छाना छाउने कार्यमा स्थानीय बासिन्दाहरूले जनश्रमदान गर्दै २०८३ वैशाख १५ गते।
*तस्बिर : भनापा/मजदुर दैनिक*

# देशका अधिकांश सहरी क्षेत्रमा वर्षाको सम्भावना

काठमाडौँ, १५ वैशाख । जल तथा मौसम विज्ञान विभाग अन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले देशका अधिकांश स्थानमा मेघगर्जन तथा चट्याङसहित वर्षा हुने सम्भावना रहेको जनाएको छ ।

महाशाखाका अनुसार विभिन्न सहरको अद्यावधिक मौसम विवरणअनुसार तराईदेखि पहाड तथा हिमाली भूभागसम्म वर्षाको प्रभाव देखिने अनुमान गरिएको हो ।

मौसम विवरणअनुसार भैरहवा, सिमरा, जनकपुर, विराटनगर लगायतका तराई क्षेत्रका सहरमा दिउँसो हल्कादेखि मध्यम वर्षा हुने सम्भावना देखिएको छभने राति पनि वर्षा जारी रहने अनुमान छ । यी क्षेत्रमा अधिकतम तापक्रम ३० देखि ३६ डिग्री सेल्सियसको आसपास रहने महाशाखाको भनाई छ ।।

महाशाखाका अनुसार काठमाडौँ उपत्यकामा पनि मङ्गलबार दिनभर मेघगर्जन तथा चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । यहाँ अधिकतम तापक्रम २२ देखि २४ डिग्री सेल्सियस रहने अनुमान गरिएको छभने रातिको तापक्रम १६ देखि १८ डिग्री सेल्सियससम्म झर्नेछ ।

पूर्वी पहाडी क्षेत्रका धनकुटा, जिरी, ताप्लेजुङ र ओखलढुङ्गामा पनि वर्षाको प्रभाव देखिनेछ । यी क्षेत्रमा विशेषगरी बेलुका र रातिको समयमा मध्यम वर्षा हुने सम्भावना रहेको छ । त्यसैगरी पोखरा, जोमसोम र जुम्ला क्षेत्रमा पनि मेघगर्जनसहित हल्का वर्षा हुने पूर्वानुमान गरिएको छ ।

पश्चिमी क्षेत्रका धनगढी, नेपालगञ्ज र वीरेन्द्रनगरमा दिउँसो हल्का वर्षा भए पनि रातिको समयमा आंशिक बदली रहने सम्भावना छ । यी क्षेत्रमा वर्षाको सम्भावना तुलनात्मक रूपमा कम देखिएको छ । मौसमविद् सरोज पुडासैनीले हाल देशभर स्थानीय वायुसँगै पश्चिमी वायु प्रणालीको प्रभावका कारण मौसम बदली भई वर्षाको अवस्था बनेको बताउनुभयो । विभागले मेघगर्जन र चट्याङको जोखिम रहेकाले सतर्कता अपनाउन सर्वसाधारणलाई आग्रह गरेको छ । ***(रासस)***

# पर्यटक बसका लागि बसपार्क नहुँदा समस्या

काठमाडौँ, १५ वैशाख । सार्वजनिक सवारीसाधन सञ्चालनका लागि गौंगबुस्थित नयाँबसपार्क सञ्चालनमा रहे पनि पर्यटक बसका लागि छुट्टै बसपार्क नहुँदा समस्या भएको छ ।

सरकारले मुलुकको आर्थिक मेरुदण्डका रूपमा पर्यटन क्षेत्रलाई लिए पनि सङ्घीय राजधानीबाट मुलुकका विभिन्न पर्यटकीयस्थलका लागि छुट्ने सवारीसाधनका लागि छुट्टै बसपार्क नहुँदा पर्यटकले सास्ती व्यहोर्दै आएका छन् ।

काठमाडौँमा व्यवस्थित बसपार्क नहुँदा दैनिक हजारौँ आन्तरिक तथा बाह्य पर्यटक सोह्खुट्टे सडकबाट ओहोरदोहोर गर्न बाध्य भएका छन् । करिब तीन दशकदेखि कान्तिपथ सडकबाट गुड्दै आएका पर्यटक बस २०७५ सालदेखि सोह्खुट्टे सडकमै पार्किङ गरी सञ्चालन हुँदै आएका छन् ।

टुरिस्ट बस एसोसिएसन अफ नेपाल (टिवान) का भीष्म न्यौपाने पर्यटक बस पार्किङ तथा सञ्चालनका लागि टिवानले लामो समयदेखि आवाज उठाउँदै आए पनि अहिलेसम्म सुनुवाइ हुन नसकेको बताउनुहुन्छ । "पर्यटक बसपार्क निर्माणका लागि विभिन्न सरोकारवाला निकायलाई सम्भावित स्थानबारे जानकारी गराइसकेका छौँ तर उहाँहरूले चासो नदिँदा पर्यटक बसपार्कले मूर्तरूप पाउन सकेको छैन", उहाँ भन्नुहुन्छ । पर्यटकका लागि प्रभावकारी बस टर्मिनल अभावकै कारण पर्यटक सवारीसाधनलाई सहरका विभिन्न स्थानमा जथाभावी पार्किङ र रोकिनुपर्ने परिस्थितिले पर्यटकले समेत नकारात्मक अनुभव बटुल्न बाध्य भएका छन् ।

त्यसैगरी पोखरामा सञ्चालित पर्यटक बसपार्कसमेत अव्यवस्थित हुँदा पर्यटकलाई समस्या परेको अध्यक्ष न्यौपाने बताउनुहुन्छ । पर्यटक सवारीसाधनको स्पष्ट पहिचान र कार्य वर्गीकरण नहुँदा थप चुनौती थपिएको उहाँको भनाइ छ ।

हाल प्रचलित यातायात ऐन तथा पर्यटनसम्बन्धी ऐनबीच आवश्यक समन्वय र स्पष्टता नहुँदा पर्यटक सवारीसाधन सञ्चालनमा नीतिगत अन्योलता देखिएको छ । नेपालको पर्यटन उद्योगलाई टिकाउ, व्यवस्थित र प्रतिस्पर्धी बनाउन सक्षम, सुरक्षित, सुविधासम्पन्न र पहिचानयुक्त पर्यटन यातायात पूर्वाधार आवश्यक रहेको टिवानले जनाएको छ ।

काठमाडौँ महानगरपालिकाले पछिल्लो समय काठमाडौँभित्र अव्यवस्थित रूपमा पार्किङ भई सञ्चालन हुँदै आएका सार्वजनिक सवारीसाधनलाई नयाँबसपार्कभित्रबाट सञ्चालन गर्ने निर्णय गरेको छ । महानगरको निर्णयसँगै गत हप्तादेखि माछापोखरी, बालाजु क्षेत्रबाट अवैध रूपमा सञ्चालन हुँदै नुवाकोट, रसुवा र धादिङ चल्ने सवारीसाधन नयाँबसपार्कभित्रबाट सञ्चालन हुन थालेका छन् ।

टिवानका अध्यक्ष न्यौपाने पर्यटक बसपार्क निर्माणका लागि राज्यले कुनै चासो नदिएको बताउनुहुन्छ । पर्यटक बसपार्क लागि छुट्टै 'पिक एन्ड ड्रप' नहुँदा पर्यटकले सास्ती खेप्नुपरेको उहाँको भनाइ छ । सरकारले पर्यटनमार्फत अर्थतन्त्रलाई सबल बनाउन खोजे पनि यसका लागि पूर्वाधार निर्माणमा ध्यान नदिएको अध्यक्ष न्यौपाने बताउनुहुन्छ ।

नेपाल एसोसिएसन टुर्स एन्ड ट्राभल्स एजेन्ट्स (नाट्टा)का अध्यक्ष कुमारमणि थपलियाले नाट्टाले लामो समयदेखि आधुनिक र सुविधासम्पन्न पर्यटक बसपार्कको आवाज उठाउँदै आए पनि उक्त कुराको सुनुवाइ हुन नसकेको बताउनुभयो ।

हाल काठमाडौँबाट पोखरा र चितवनको सौराह, लुम्बिनी र जनकपुरका लागि मात्रै दैनिक झन्डै एक सय पर्यटकीय बस आवतजावत गर्दै आएका छन् भने दैनिक तीन हजारदेखि चार हजारको हाराहारीमा स्वदेशी तथा विदेशी पर्यटकले पर्यटक बसमा यात्रा गर्ने गरेका छन् ।

व्यवसायीले हाल बिहान ५:०० देखि ७:०० बजेसम्म सोह्खुट्टेको सडकमा पर्यटकीय बस पार्किङ गरेर यात्रु बोक्दै आएका छन् भने रातको समयमा विभिन्न ग्यारेजमा शुल्क तिरेर पार्किङ गर्दै आएका छन् । ***(रासस)***

# वीरगञ्ज नाका हुँदै तीन अर्बको विद्युतीय सवारीसाधन आयात

वीरगञ्ज (पर्सा), १५ वैशाख । चालु आर्थिक वर्षको नौ महिनामा वीरगञ्ज नाका हुँदै दुई अर्ब ९८ करोड रूपैयाँको विद्युतीय सवारीसाधन आयात गरिएको छ ।

गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु आवमा विद्युतीय सवारीसाधन १०२ प्रतिशत अर्थात् एक अर्ब ५० करोड रूपैयाँ बढीको आयात भएको हो ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आर्थिक वर्षको नौ महिनामा विद्युतीय सवारीसाधन आयात शतप्रतिशतले वृद्धि भएको बताउनुभयो । गत आवको नौ महिनामा एक अर्ब ४८ करोड रूपैयाँको विद्युतीय सवारीसाधन आयात भएको थियो ।

चालु आवको नौ महिनामा एक अर्ब ४६ करोड रूपैयाँको ४९३ वटा विद्युतीय जिप, कार र भ्यान आयात भएको छ । गत आवको सोही अवधिमा ४८ करोड रूपैयाँको १७२ वटा विद्युतीय जिप, कार र भ्यान आयात भएको थियो ।

चालु आवमा ९६ करोड रूपैयाँको सात हजार ३९८ वटा विद्युतीय मोटरसाइकल आयात भएको छ । गत आवको सोही अवधिमा ५५ करोड रूपैयाँको चार हजार २२७ विद्युतीय मोटरसाइकल आयात भएको थियो ।

त्यसैगरी चालु आवको नौ महिनामा ५३ करोड रूपैयाँको चार हजार ६०६ वटा विद्युतीय तीन पाङ्ग्रे सवारीसाधन आयात भएको छ । गत आवको सोही अवधिमा ४५ करोड रूपैयाँको तीन हजार ६१३ वटा विद्युतीय तीनपाङ्ग्रे सवारी आयात भएको थियो । ***(रासस)***

# 'डिप ट्युबवेल' जडानसँगै सिँचाइको असुविधा हट्यो

कञ्चनपुर, १५ वैशाख । यहाँको शुक्लाफाँटा नगरपालिका-१० प्रगतिटोलमा सिँचाइ सुविधा पुगेपछि स्थानीय किसानहरूमा खुसी छाएको छ । वर्षौंदेखि सिँचाइ अभाव झेल्दै आएका किसानहरूका लागि डिप ट्युबवेल जडान भएपछि खेतीपातीमा नयाँ आशा पलाएको हो ।

प्रगतिटोलका किसान परमानन्द जोशी सिँचाइ सुविधा पुगेपछि निकै उत्साहित देखिनुहुन्छ । "पहिले सिँचाइको अभाव हुँदा खेतमा जति मेहनत गरे पनि उब्जनी सन्तोषजनक हुँदैनथ्यो", उहाँले भन्नुभयो, "अब खेतमै डिप बोरिङ जडान भएपछि सिँचाइ गर्न कुनै समस्या छैन ।" उहाँका अनुसार पानीको सहज उपलब्धताले उत्पादन बढ्ने अपेक्षा गरिएको छ ।

किसानहरूको लामो समयदेखिको सिँचाइ समस्या समाधान गर्न सुदूरपश्चिम प्रदेश सरकारको पहलमा रु. २५ लाखभन्दा बढीको लगानीमा डिप ट्युबवेल जडान गरिएको हो । उक्त योजना प्रदेशका आर्थिक मामिलामन्त्री बहादुरसिंह महराको संसदीय विकास कोषबाट विनियोजित बजेटमार्फत जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयले कार्यान्वयन गरेको हो ।

वडाध्यक्ष लालबहादुर ऐरका अनुसार डिप ट्युबवेल सञ्चालनमा आएपछि प्रगतिटोलका ५० भन्दा बढी किसान प्रत्यक्ष लाभान्वित भएका छन् । "सिँचाइको समस्या ल्याएर किसानहरू पटक-पटक धाउँदै आएका थिए", उहाँले भन्नुभयो, "त्यही माग मन्त्रीसमक्ष राख्दा उहाँले कोषमार्फत बजेट विनियोजन गरी योजना कार्यान्वयनमा ल्याउनुभयो ।"

उहाँका अनुसार अब सिँचाइ अभावका कारण बाँझोजस्तै रहेका खेतहरूमा अन्नबाली, तरकारी तथा अन्य नगदे खेती विस्तार गर्न सकिने भएको छ । यसले स्थानीय किसानहरूको आयआर्जन बढाउन महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

स्थानीय किसान हरिकृष्ण चौधरीले डिप बोरिङ जडानसँगै व्यावसायिक खेतीतर्फ आकर्षण बढेको बताउनुभयो । "पहिले पानीको अभावका कारण थोरै जमिनमा मात्रै तरकारी र वसन्ते मकैखेती गर्थ्यौं", उहाँले भन्नुभयो, "विद्युतीय मोटर प्रयोग गरेर पानी तान्दा पनि पर्याप्त सिँचाइ गर्न घण्टौं लाग्थ्यो, तर अहिले त्यो समस्या हटेको छ ।" उहाँका अनुसार अब व्यावसायिक तरकारीखेती गरी राम्रो आम्दानी गर्ने लक्ष्य लिइएको छ ।

डिप ट्युबवेलको क्षमता करिब ६० बिघा जमिनमा सिँचाइ पुऱ्याउने रहेको बताइएको छ । यसले कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुने स्थानीयको विश्वास छ । केही पूर्वाधार अझै अधुरै रहेको किसानहरूले बताउनुभएको छ । स्थानीय किसान यशोदा भट्टका अनुसार हाल बोरिङ गाड्ने काम मात्रै सम्पन्न भएको छ भने पानी वितरणका लागि आवश्यक पाइपलाइन विस्तार हुन बाँकी छ । "आउँदो बजेटमा पाइपलाइन विस्तारका लागि आवश्यक बजेट विनियोजन गर्न वडा कार्यालयमार्फत सम्बन्धित निकायसँग अनुरोध गरेका छौँ", उहाँले भन्नुभयो ।

उहाँका अनुसार सिँचाइ प्रणालीलाई व्यवस्थित गर्न सकिए मात्रै सबै किसानसम्म समान रूपमा पानी पुऱ्याउन सकिनेछ । अन्यथा केही क्षेत्र मात्र लाभान्वित हुने र बाँकी किसान अझै समस्या झेल्नुपर्ने अवस्था आउन सक्ने उहाँको भनाइ छ । ***(रासस)***

# नेपालगञ्ज विमानस्थलमा ट्रलीबस सेवा सुरु

जानकी (बाँके), १५ वैशाख । नेपालगञ्ज विमानस्थलमा मङ्गलबारदेखि यात्रुहरूका लागि निःशुल्क ट्रलीबस सेवा सञ्चालनमा ल्याइएको छ । नागरिक उड्डयन प्राधिकरणद्वारा उक्त सेवा सञ्चालनमा ल्याइएको हो ।

विमानस्थलदेखि राँझा चोकसम्म करिब दुई किलोमिटर दूरीमा यात्रुलाई आवतजावत सहज बनाउने उद्देश्यले ट्रलीबस सेवा सञ्चालन गरिएको नेपालगञ्ज विमानस्थल कार्यालयले जनाएको छ । विशेषगरी वृद्धवृद्धा, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा धेरै सामान बोकेर यात्रा गर्ने यात्रुलाई लक्षित गर्दै यो सेवा सुरु गरिएको हो । उक्त सेवा लिनुभएकी यात्री सरिता शर्माले निःशुल्क ट्रलीबस सेवाले विशेष राहत मिलेको बताउनुभयो । "म मङ्गलबार काठमाडौँबाट नेपालगञ्ज आएकी हुँ । यहाँ झर्दा अटोले लिने चर्को शुल्क र अटोवालासँग 'बार्गेनिङ' गर्दा खेप्नुपर्ने गर्मी यी दुवैबाट छुटकारा पाएको अनुभूति भएको छ", उहाँले भन्नुभयो । नेपालगञ्ज विमानस्थल प्रमुख सन्तोषकुमार पोखरेलले यात्रुहरूको सुविधालाई प्राथमिकतामा राखेर सेवा विस्तार गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "करिब २५ सिट क्षमता रहेको यो बस पूर्ण रूपमा अपाङ्गमैत्री छ । शारीरिक रूपमा असहजता भएका यात्रुहरूलाई समेत सहज पहुँच होस् भन्ने सोचका साथ यसको सञ्चालन गरिएको हो ।" नागरिक उड्डयन प्राधिकरणका अनुसार विमानस्थलको सेवा प्रवाहलाई थप व्यवस्थित, आधुनिक र यात्रुमैत्री बनाउन विभिन्न सुधार भइरहेका छन् । ***(रासस)***

# व्यवसायी गोल्छालाई २४ घण्टाभित्र उपस्थित गराउन आदेश

काठमाडौँ, १५ वैशाख । सर्वोच्च अदालतले व्यवसायी शेखर गोल्छालाई सूचना म्याद पाएका मितिले २४ घण्टाभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत बन्दीसहित लिखित जवाफ पेस गर्न आदेश गरेको छ ।

न्यायाधीश नृपध्वज निरौलाको एकल इजलासले मङ्गलबार बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा आधार र कारणसहित बाटोको म्यादबाहेक सूचना म्याद पाएका मितिले २४ घण्टाभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत बन्दीसहित लिखित जवाफ पेस गर्न विपक्षी केन्द्रीय अनुसन्धान ब्यूरो काठमाडौँलाई सो आदेश गरेको हो ।

व्यवसायी गोल्छाका तर्फबाट उहाँकी पत्नी सीमा गोल्छाले बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दायर गर्दै गैरकानुनी तरिकाले थुनामा राखेको भन्दै थुनामुक्त गर्न माग गर्नुभएको थियो । सोही निवेदनमाथिको सुनुवाइमा अदालतले उक्त आदेश गरेको हो ।

आदेशमा रिट निवेदनको एक/एकप्रति नक्कल समेत साथै राखी विपक्षीहरूका नाममा सूचना म्याद जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतीत भएपछि, निवेदकलाई म्याद थप गरी अनुसन्धान भइरहेको भनिएको फाइलसमेत झिकाउन भनिएको छ । ***(रासस)***

## सङ्क्षिप्त समाचार

# भूमि मन्त्रालयको कार्यक्रम अब कार्यालयबाटै संरचना हुनुपर्ने

काठमाडौँ, १५ वैशाख । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय मातहतका सबै कार्यालयका कार्यक्रम अब कार्यालयभित्रको सभाहल तथा बैठक कक्षमा मात्रै गर्नुपर्ने जनाएको छ ।

मन्त्रालयको योजना अनुगमन तथा मूल्याङ्कन महाशाखाले सोमबार सबै महाशाखा, आयोग, प्राधिकरण, विभाग तथा कार्यालयलाई परिपत्र गर्दै सरकारी खर्चलाई मितव्ययी र उपलब्धिमूलक बनाउन निर्देशन दिएको हो ।

महाशाखाका अनुसार अब कुनै पनि कार्यालयले बैठक, गोष्ठी, तालिम, सेमिनारलगायत कार्यक्रम होटेल तथा रिसोर्टमा सञ्चालन नगरी आफ्नै कार्यालय परिसर वा सरकारी संरचनाभित्र रहेका सभाकक्ष र तालिमकक्षमा मात्रै गर्नुपर्नेछ ।

# काठमाडौँका विभिन्न ठाउँमा सिक्री लुट्दै हिँड्ने गिरोह पक्राउ

काठमाडौँ, १५ वैशाख । नेपाल प्रहरीले महिलाले घाँटीमा लगाएको सिक्री लुट्दै हिँड्ने एक गिरोहलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी परिसर काठमाडौँको टोलीले काठमाडौँका विभिन्न ठाउँमा महिलाले घाँटीमा लगाएको सिक्री लुट्दै हिँड्ने गिरोहलाई लुटपाटमा प्रयोग हुने सामग्रीसहित पक्राउ गरी सोमबार सार्वजनिक गरेको हो ।

पक्राउ पर्नेमा नुवाकोट ककनीका २१ वर्षीय सविन तामाङ, सोही ठाउँका २६ वर्षीय विमल तामाङ, सोही ठाउँकै २१ वर्षीय सुजन तामाङ, नुवाकोट विदुर नगरपालिकाका ४४ वर्षीय सतिस अमात्य र सोलुखुम्बुका १९ वर्षीय रितिका माझी रहेका प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिनुभयो । उहाँले गत चैत १२ गते, १९ गते र वैशाख ६ गते विभिन्न ठाउँमा पुगेर सुन लुटपाटसम्बन्धी घटनाको अनुसन्धानका आधारमा निजहरूलाई पक्राउ गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार प्रहरीले पक्राउ परेकासँग १२ दशमलव ९० ग्राम सुन, पेचकस एक थान, ठुलो रेन्ची एक थान, सानो रेन्ची आठ थान, मोबाइल एक थान, खुकुरी एक थान, हुडी, ट्राउजर, ज्याकेटलगायत सामग्री बरामद गरेको छ । काठमाडौँको तारकेश्वर नगरपालिका वडा नं ४ पैँयुटारबाट पक्राउ परेको उक्त गिरोहलाई प्रहरी वृत्त थानकोटबाट आवश्यक अनुसन्धान भइरहेको प्रवक्ता भट्टराईले बताउनुभयो । ***(रासस)***

# दुई फर्मलाई जरिवाना

काठमाडौँ, १५ वैशाख । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले दुई वटा फर्मलाई जरिवाना गरेको छ । उपभोक्ता संरक्षण ऐन, २०७५ तथा उपभोक्ता संरक्षण नियमावली, २०७६ बमोजिम अनुगमनका क्रममा कैफियत देखिएपछि वेष्ट सपिङ सेन्टर ठमेललाई रु. दुई लाख पाँच हजार बराबरको जरिवाना गरेको हो ।

यस्तै, कान्तिपुर क्याफे एपयरपोर्टलाई पनि रु. दुई लाख पाँच हजार बराबरको जरिवाना गरेको छ । हेभन ह्याण्डिक्राफ्ट २६ ठमेल र गुडलक ट्रेकिङ सप ठमेलाई व्यवसायसँग सम्बन्धित कागजात लिएर विभागमा उपस्थित हुन निर्देशन दिइएको छ । विभागले सोमबार कूल ४७ वटा फर्ममा अनुगमन गरेकामा ४३ वटालाई भने सुधारात्मक निर्देशन दिएको छ । उपभोक्ता अधिकारकर्मी तथा सरोकारवालाको उपस्थितिमा विभागले नियमित रूपमा अनुगमन गर्दै आएको छ । ***(रासस)***



**माथिल्ला तामाकोसी जलविद्युत् आयोजनाको बाँधस्थल**

दोलखाको बिगु गाउँपालिका वडा नं १ लामाबगरमा पर्ने स्वदेशी लगानीमा निर्माण सम्पन्न ४५६ मेगावाट क्षमताको माथिल्ला तामाकोशी जलविद्युत् आयोजनाको बाँधस्थल । *तस्बिर: गोकर्णप्रसाद भण्डारी/रासस*

# बाँकेका छ स्थानीय तहमा जग्गा नापजाँच

राँझा (बाँके), १५ वैशाख । भूमि समस्या समाधान आयोगले जिल्लाका छ स्थानीय तहमा भूमिहीन दलित तथा भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको जग्गा नापजाँच गरेको छ ।

नेपालगन्ज उपमहानगरपालिका, कोहलपुर नगरपालिका, राप्तीसोनारी, बैजनाथ, खजुरा र जानकी गाउँपालिकामा जग्गाधनी पुर्जा वितरणका लागि जग्गा नाप जाँच भइरहेको भूमि समस्या समाधान आयोग जिल्ला समिति बाँकेका अध्यक्ष घननाथ खनालले बताउनुभयो । उहाँका अनुसार कोहलपुर नगरपालिकाका १५ वटै वडा, जानकी गाउँपालिकाको ५ नं वडा, बैजनाथ गाउँपालिकाको वडा नं १, ४, ६ र ७, राप्तीसोनारी गाउँपालिकाको २, ३, ४, ५, ७ र ९ खजुरा गाउँपालिकाको वडा नं ४ र ५ मा नाप नक्सा सम्पन्न भइसकेको छ ।

नेपालगन्ज उप महानगरपालिकाको वडा नं ६, १९, २० र २१ जानकीको वडा नं ४, बैजनाथको २, ३, ५ र ८, राप्तीसोनारीको १, ६ र ८ र खजुरा गाउँपालिकाको ६, ७ र ८ नं वडामा नापनक्सा गर्ने कार्य भइरहेको छ । डुडुवा र नरैनापुर गाउँपालिकामा हालसम्म नाप नक्सा सुरु हुनसकेको छैन ।

**आठ सय छ जनालाई लालपुर्जा वितरण**

भूमि समस्या समाधान आयोग जिल्ला समिति बाँकेले हालसम्म ८०६ भूमिहीन दलित तथा भूमिहीन सुकुम्वासी र अन्य अव्यवस्थित बसोवासीलाई जग्गाधनी प्रमाणपत्र (लालपुर्जा) वितरण गरेको छ ।

कोहलपुर नगरपालिका र राप्तीसोनारी गाउँपालिकामा रहेका १२५ भूमिहीन दलित तथा भूमिहीन सुकुम्वासी र ६८१ अन्य अव्यवस्थित बसोवासी गरी हालसम्म ८०६ जनालाई जग्गाधनी प्रमाणपत्र वितरण गरेको अध्यक्ष खनालले बताउनुभयो ।

"सबैभन्दा धेरै कोहलपुर नगरपालिका वडा नं १ मा ५४० अव्यववस्थित बसोवासी र १०० भूमिहीन दलित तथा भूमिहीन सुकुम्वासीलाई लालपुर्जा वितरण गरिएको छ", अध्यक्ष खनालले भन्नुभयो, "राप्तीसोनारी वडा नं ४ मा १४१ अव्यवस्थित बसोवासी र २५ जना भूमिहीन दलित तथा भूमिहीन सुकुम्वासीलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको छ ।"

कोहलपुर वडा नं १ मा ११७ जना भूमिहीन दलित तथा भूमिहीन सुकुम्वासीलाई जग्गाधनी पुर्जाका लागि राजस्व बुझाउन सूचना जारी गरेकामा १०० जनाले राजस्व जम्मा गरी आएका थिए । त्यसैगरी ७२६ अव्यवस्थित बसोवासीलाई राजस्व जम्मा गर्न सूचना जारी गरेकामा ५४० जनाले राजस्व जम्मा गरेको अध्यक्ष खनालले जानकारी दिनुभयो ।

जग्गाधनी पुर्जाका लागि आवासमा मूल्याङ्कनको १० प्रतिशत र जमिनमा मूल्याङ्कनको पाँच प्रतिशत राजस्व जम्मा गर्नुपर्ने प्रावधान रहेको छ । राजस्व जम्मा गर्न सूचना जारी गरे पनि कतिपय सम्पर्कमा नआएको र कतिपयसँग राजस्व बुझाउने रूपैयाँसमेत नभएको पाइएको अध्यक्ष खनालको भनाइ छ ।

जग्गाधनी पुर्जा वितरणबाट हालसम्म कोहलपुर नगरपालिकाबाट पाँच करोड २७ लाख ४६ हजार ३१७ रूपैयाँ र राप्तीसोनारी गाउँपालिकाबाट ५१ लाख ८३ हजार ९९२ गरी जम्मा पाँच करोड ७९ लाख ३० हजार ३०९ रूपैयाँ राजस्व सङ्कलन भएको छ ।

कोहलपुर नगरपालिका-१ मा रहेका थप ८८२, बैजनाथ गाउँपालिका-७ का २२ र खजुरा गाउँपालिका-४ का ५० अव्यवस्थित बसोवासी र ३० जना भूमिहीन दलित तथा भूमिहीन सुकुम्वासीलाई राजस्व जम्मा गर्न आयोगले सूचना प्रकाशित गरेको छ । ***(रासस)***

# संरक्षण र प्रवर्द्धनको पर्खाइमा प्राकृतिक पुल

**- हरिप्रसाद बास्तोला**

गण्डकी, १५ वैशाख । नेपालको पर्यटकीय राजधानी पोखराको मुटुमा बग्ने सेती नदीमाथि अवस्थित प्राकृतिक पुल जोखिममा परेको छ ।

स्थानीय जीवनशैली, संस्कार र पहिचान बोकेको पोखरा महानगरपालिका-१७ महतगौडा र वडा नं १५ को टुटुङ्गालाई जोड्ने हजारौँ वर्षको प्राकृतिक सम्पदा संरक्षणको अभावमा उच्च जोखिममा परेको हो ।

समुन्द्र सतहबाट ८०० मिटरको उचाइमा अवस्थित पोखरा उपत्यकाको उत्पत्तिसँगै प्राकृतिक रूपमा निर्मित सो पुल सवारीसाधनको आवतजावत, मानव गतिविधिको बढ्दो चाप र प्राकृतिक क्षयले क्रमश: कमजोर हुँदै जानु तथा सम्बन्धित निकायबाट संरक्षण र व्यवस्थापन अभावको कारण अस्तित्व सङ्कटमा पर्दै गएको भूगोलविद् प्रा.डा. कृष्ण केसी बताउनुहुन्छ ।

उहाँका अनुसार सेती नदीको तीव्र बहावमाथि प्राकृतिक रूपमा बनेको यो पुल कुनै आधुनिक इन्जिनियरिङको नमुना होइन, बरु प्रकृतिको आफ्नै सिर्जनात्मक शक्ति हो । समयक्रममा ढुङ्गा, माटो र पानीको सहकार्यले तयार पारेको यो संरचना स्थानीयका लागि दैनिक आवतजावतको माध्यम मात्र नभई राष्ट्रका लागि एउटा जीवित इतिहास पनि हो ।

नदीको दुवैतर्फबाट फाँटेका ठुल्ठुला धाँजा एकापसमा जोडिएपछि सेती नदीमा बाँध बनेपछि थुनिएको सेतीको पानीले तल्लो भागलाई काटेर निकास बनाएपछि माथिल्लो भागले पुलको आकार लिएको अनुमान गर्न सकिने भूगोलविद् केसीको भनाइ छ । एक सय मिटरको गहिराइ र ९० मिटरको चौडाइमा रहेको सो प्राकृतिक पुल पिरामिड आकारको रहेको छ ।

अन्नपूर्ण र माछापुच्छ्रे हिमशृङ्खलाको आसपासमा रहेका हिमताल फुट्दा भिषण बाढीसँगै आएको माटो, बालुवा, गेग्रयान, चट्टान र वनपैदावारका कारण पोखरा उपत्यकाको उत्पत्तिको आधार भएको बताउँदै उहाँले भन्नुभयो, "विश्वसामु परिचित पोखराको मुख्य भागमा रहेको पुरातात्विक महत्त्व बोकेको अनौठो प्राकृतिक वरदान पर्यटकीय प्रवाहमा जोडिन नसक्नु विडम्बना हो । पोखराको रामघाटबाट भूमिगत भएको सेती नदी सो स्थान मितेरी पुलकोमा आएर खुल्ला भएको छ, जसमा प्राकृतिक पुलको तल्लो भागको दोविल्लालगायतका क्षेत्रबाट जथाभावी नदीजन्य वस्तु उत्खनन् गर्दा नदी गहिरिँदै गएको कारण पनि यस्ता प्राकृतिक सम्पदा एवं आसपासको बस्तीसमेत उच्च जोखिममा पर्दै गएको छ ।

नदीको पूर्वपट्टि रहेको सानो वनमा कहिलेकाहीँ घण्टी र शङ्खको ध्वनि सुनिने गर्दा यो महत्त्वपूर्ण धार्मिक क्षेत्र रहेको स्थानीय ९७ वर्षीय चन्द्रकान्त भण्डारीले बताउनुभयो । सो स्थानमा तीन दशकअघि मात्र शिवमन्दिर निर्माण गरी मूर्तिसेमत प्रतिस्थापन गरिएको छ । देवताको वासस्थान र ऋषिमुनिको तपोभूमि एवं धार्मिक शक्तिको कारण पुल अटल रहेको उहाँको विश्वास छ ।

उहाँका अनुसार सेती नदीको माथिल्लो भागमा पुल त बन्यो तर दुवै किनारामा फाटेका धाँजाबाट आवतजावत गर्न जोखिम बढेपछि फुस्रेखोलाबाट सामूहिक रूपमा काठ र डोरीको सहायताले बोकेर ल्याएका लामालामा ढुङ्गाका छपनी राखेपछि आवतजावतमा सुविधा पुगेको हो । धार्मिक महत्त्व र सेती नदीको पहिलो पुलको भएको कारण सो क्षेत्रमा परापूर्वकालदेखि माघे सङ्क्रान्तिका दिन ढुङ्गेसाँघु मेलासमेत लाग्दै आएको छ ।

ज्येष्ठ नागरिक भण्डारीले भन्नुभयो, "हामीले बाल्यकालमा यही पुलमा खेलेका थियौँ, छोराछोरी यही बाटो हिँडेर विद्यालय जान्थे । पोखरा महानगरपालिका-१५ बासिन्दा बिरुवा फाँटमा कृषि गर्नका लागि आवतजावतमा सहयोग पुगेको यो पुल हाम्रो इतिहास हो तर नयाँ पुस्ता र बाह्य पर्यटकलाई यसको कथा सुनाउने प्रयास भने कहीँ कतैबाट भएको छैन ।

पछिल्लो समय धाँजा फाटेको दुवै स्थानमा स्काभेटर प्रयोग गरेर माटोले पुरेपछि उक्त पुलबाट साना तथा ठुलो यातायातका साधन निर्वाधरूपमा ओहोरदोहोर गरिहँदा पुलको संरक्षणका लागि आजसम्म कुनै पनि प्रयास नहुँदा जोखिम बढेको छ । टुटुङ्गाको दुलेगौँडाबाट मानिस तथा पशुहरू ओहोरदोहोर गर्ने गरे पनि पछिल्लो समय डोजरको सहायताले मोटर बाटो खोलेसँगै पुलमा दबाब सिर्जना भएको हो ।

पुलको भारवहन क्षमता मापन गरी यातायातका साधन निषेध नगर्ने हो भने पुल कुनै पनि बेला झर्न गएमा जनधनको ठुलो क्षति हुने सम्भावना छ । एउटा प्राकृतिक वरदानको अन्त्य हुँदा 'नरहे बाँस, नबजे बाँसुरी' भन्ने युक्ति चरितार्थ हुनसक्ने खतरा बढेको स्थानीय बासिन्दा एवं जनप्रतिनिधि शिवराम भण्डारी बताउनुहुन्छ ।

यस क्षेत्र आसपासमा तीनै तहका सरकारको सहयोगमा आवश्यक भौतिक संरचना निर्माणसँगै सौन्दर्य अभिवृद्धि गर्न जोड दिँदै आएको भए पनि पुलको तल्लो भागसम्म पुगेर भू-बनोटको अवलोकन गर्न आवश्यक बाटो निर्माण गर्नुपर्ने आवश्यकता औँल्याउँदै ढुङ्गेसाँघु पर्यटन प्रवर्द्धन समितिका सल्लाहकारसमेत रहनुभएका भण्डारीले भन्नुभयो, यस क्षेत्रलाई पर्यटकीयस्थलका रूपमा विकास गरिनु अपरिहार्य छ ।

समाजका विपन्न र असहाय बालबालिकाको अध्ययनको थलो जानकी माध्यमिक विद्यालय, यस क्षेत्रमा रहेका अन्य शैक्षिक संस्था तथा विभिन्न सङ्घसंस्थाको आम्दानीको स्रोत बनाउनुपर्नेमा उहाँको जोड थियो । पोखरा महानगरपालिका-१७ मा सञ्चालित छोरेपाटन माविलाई पातले छाँगो (डेभिडफल) को आम्दानीबाट महानगरले वार्षिक रु. तीन करोड एक लाख सहयोग गर्दै आएको छ भने विन्ध्यवासिनी माविले पनि महेन्द्र गुफा र चमेरे गुफाको आम्दानीबाट विद्यालयको पठनपाठनमा लगानी गर्दै आएको छ ।

प्राकृतिक स्रोत सबैका साझा सम्पत्तिका रूपमा उपयोग गर्नसके सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न सहयोग पुग्ने जानकी माविका प्रधानाध्यापक अर्जुन कँडेल बताउनुहुन्छ । प्रकृतिप्रदत्त उपहारको आवश्यक प्रचारप्रसार गर्दै आन्तरिक एवं बाह्य पर्यटकको आकर्षणको केन्द्रका रूपमा विकास गर्नसके पोखरामा एउटा छुट्टै पर्यटकीय गन्तव्य थपिनुको साथै यस क्षेत्रको विकास र रोजगारीमा समेत टेवा पुग्ने उहाँको विश्वास छ ।

सो पुलको तल्लो भागमा पोखरा महानगरपालिकाको आर्थिक सहयोगमा झोलुङ्गे पुलसमेत निर्माण गरिएको छ । पुलबाट प्राकृतिक पुलको भूबनोटको दृश्यावलोकनमा केही हदसम्म भए पनि सहयोग पुगेको छ । पुलसँगै जोडिएको परोपकार महासङ्घ नेपालद्वारा गुरुकूल कक्षा सञ्चालन गरिएको छ भने सोही स्थानबाट पुलको दृश्यावलोकनका लागि केही संरचनासमेत बने पनि ती प्रभावकारी बन्न सकेको छैनन् ।

यस क्षेत्रमा प्राकृतिक पुलसहित सीताघाट, पिपलको वृक्ष रहेको चौतारामा सीताको पाइला, ऐतिहासिक एवं धार्मिक महत्त्व रहेको सदाशिव सिद्धेश्वर हरिहर मन्दिर, अकलादेवी मन्दिर, रामसीता मन्दिर, पोखरा वृद्धाश्रम, परोपकार महासङ्घ, बञ्जी जम्प, अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयलगायतका विभिन्न धार्मिक तथा पर्यटकीयस्थल अवस्थित छन् ।

।सम्पादकीय।

# कम्युनिस्टहरूको भविष्यबारे शङ्का गर्नु दृष्टिदोष मात्र

निर्वाचनको हार जीतलाई नै कम्युनिस्ट पार्टी या वामपन्थी शक्तिहरूको आधार कमजोर भयो भनेर आत्मसमीक्षा गर्नु या मूल्याङ्कन गर्नु उपयुक्त हुँदैन। निर्वाचनमा बहुमत आयो भने दलको विचार सही हुने र अल्पमत भयो भने गलत हुन्छ भन्ने होइन। निर्वाचनमा हार जीत स्वाभाविक हो। हार जीतको सन्दर्भ जोडेर वामपन्थी वा कम्युनिस्टहरूको शक्ति क्षीण भयो भनी भविष्यबारे शङ्का उठाउनु दृष्टिदोषबाहेक अरु हुनेछैन। यहाँ सरकारको नेतृत्व गर्ने कम्युनिस्ट पार्टीहरूको कमजोरी नभएको होइन। उनीहरूकै कमजोरीका कारण अन्य सच्चा कम्युनिस्ट पार्टीलाई पनि असर पर्‍यो। सरकारमा जाने ठुला दललाई मात्र कम्युनिस्ट भन्ने दृष्टिदोषकै कारण नेपालको कम्युनिस्ट पार्टी र कम्युनिस्ट आन्दोलनमा समस्या देखिएको हो।

सरकारमा जाने कम्युनिस्ट पार्टीको सबभन्दा ठुलो कमजोरी त कम्युनिस्टको सिद्धान्त र विचारअनुसार नचल्नु हो। पार्टीको पथप्रदर्शक मार्क्सवाद-लेनिनवादको विचार ओढेर पुँजीवादी राजनीति गर्नु नै गलत थियो। जनताको दैनिक जीवनसँग प्रत्यक्ष सरोकार राख्ने सवालमा कम्युनिस्ट पार्टीको नेतृत्वमा बनेको सरकार चुकेकै हो। सत्ताकेन्द्रित राजनीतिले पनि एमाले र नेपाली कम्युनिस्ट पार्टीले बाधा पुर्‍यायो। यसको असर अरु कम्युनिस्ट पार्टीमा पनि पर्‍यो। सरकारको नेतृत्व गर्न पाएपछि जुनसुकै दलसँग पनि साँठगाँठ गर्ने, सिद्धान्त र विचारभन्दा सरकारलाई महत्त्व दिने उनीहरूको पाइलाले पनि उनीहरूप्रति जनताको विश्वास गुमेको हो।

वामपन्थी शक्तिहरू बलियो बनाउन या सङ्गठनलाई सुदृढ बनाउन बेलाबखत वामपन्थी एकताको कुरा नउठेको होइन। वामपन्थी एकता पनि भयो। एकता भएर चुनाव लड्यो; चुनाव जितेर सरकार पनि गठन भयो। तर, त्यो एकता टिकेन। माओवादी र एकीकृत समाजवादीसमेत दुई दर्जन मिलेर नेपाली कम्युनिस्ट पार्टी बनेकै हो। एकता भएपछि गएको प्रतिनिधिसभाको निर्वाचनमा नेताहरूले बहुमत ल्याउने उद्घोष गरेकै हुन्। अल्पकालीन लाभको लागि दीर्घकालीन उद्देश्य छोड्ने प्रवृत्तिले नेपालको कम्युनिस्ट आन्दोलन पछि परेको हो। यसबाट सत्तामा पुगेका कम्युनिस्ट पार्टीले शिक्षा लिनुपर्छ; शिक्षा लिएर नेपालको कम्युनिस्ट आन्दोलनलाई सुदृढ बनाउनुपर्छ।

पार्टी एकता दल ठुलो बनाउने उद्देश्यले मात्र गर्ने होइन। दल जतिसुकै ठुलो भए पनि सिद्धान्त र विचार खोटो भयो भने, ठुलो दल बनेको कम्युनिस्ट पार्टीले सिद्धान्त र विचारअनुसार काम गरेन भने दल ठुलो हुनुको अर्थ हुँदैन। सिद्धान्त र विचार अलग्ग अलग्ग राखेर आकारमा दल ठुलो बनाएर मात्र दल सही हुनेछैन। विचार र सिद्धान्त नमिल्दा शङ्का बढी उन्पन्न हुन्छ। कसले कसलाई कहिले धोका दिने हो; कहाँनेर खुट्टा तान्ने हो थाहा हुँदैन। एकताको नाउँमा विश्वासमा सङ्कट छ भने त्यो एकता कसरी सुदृढ हुन्छ ?

जनतामा विश्वास दिलाउने आधार भनेको सिद्धान्त र विचारअनुसार बहुमत जनताको पक्षमा काम गर्नु हो। राजनीतिलाई देश र जनताकेन्द्रित बनाउनु हो। वर्गसङ्घर्षको भावना जनताको घर आँगनमा पुर्‍याउनु हो। देशघाती र जनघाती काम नगर्नु हो। असमान सन्धि सम्झौता खारेज गर्नु हो। विदेशी शक्तिसामु नझुकिकन काम गर्नु हो। स्वदेशमै रोजगारीको व्यवस्था गर्नु हो। भ्रष्टाचारीमाथि कारबाही गर्नु हो। भ्रष्टाचारविरोधी अभियान सञ्चालन गर्नु हो। जनताका आधारभूत आवश्यकता पूरा गर्न लाग्नु हो। दलगत र व्यक्तिगत स्वार्थ छोडेर देश र जनताको सेवा गर्नु हो। इमानको राजनीति गर्नु हो। निःस्वार्थ रूपले सेवा गर्नु हो। पद र पैसाको निम्ति राजनीति नगर्नु हो। बिनाभेदभाव निष्पक्ष ढङ्गले काम गर्नु हो। न्याय, समानता र स्वतन्त्रताको निम्ति काम गर्नु हो। विगतका कमी कमजोरी सच्याउनु हो। आलोचना प्रत्यालोचना गरिरहनुपर्छ। दलको एकता सिद्धान्त, विचार, मूल्य र लक्ष्यमा आधारित हुनुपर्छ। हरेक दलको विचार स्पष्ट हुनुपर्छ। सिद्धान्त र विचार छिनछिनमा फेर्नु हुँदैन। अडान नभएको, शत्रु नचिनेको र सरकारको नेतृत्व गर्ने नाउँमा जुनसुकै दलसँग एकता गरिहाल्नुपर्ने कुरामा सचेत हुनुपर्छ।

# मजदुर आन्दोलनको नयाँ सिद्धान्त

✍ का. रोहित

पुँजीवादको विकासले बेकारी र भोकमरी ल्याइदियो। मजदुरहरूलाई लामो समयसम्म काम गर्न दिइयो। तिनीहरूको ज्याला कम भयो। मेसिनको प्रयोगले तिनीहरूलाई कामबाट निकालिदियो। त्यसले गर्दा मजदुर आन्दोलन बढ्दै गयो। हडताल, जुलुस, घेराउ, विरोध र भिडन्तहरू औद्योगिक सहरहरूको दैनिक घटनाहरू हुन थाले। सडक र गल्लीहरूमा भोकले मरेका लासहरू देखिन थाले। लुटपाट, दङ्गा-फसाद, हुल-हुज्जत स्वाभाविक कुरो भयो। पुरानो धर्म, कर्म, इज्जत, प्रतिष्ठा र नैतिकतालाई पैसामा बेचबिखनको वस्तु बनाइदियो।

पुँजीवादले समाजमा ल्याएको त्यस दुर्दशामा केही विचारकहरूको ध्यान गयो। तिनीहरूले पुँजीवादलाई गाली गरे, सरापे र त्यसका खराबीहरूलाई सबैको अगाडि उदङ्ग्याए। तिनीहरू पुँजीवादको त्यस खराबीलाई धोएर नयाँ विवेकपूर्ण र न्यायको समाज बनाउन चाहन्थे। त्यस विवेकपूर्ण र न्यायको समाजलाई तिनीहरूले 'समाजवाद' को नाम दिए। त्यस समाजमा अन्याय, अत्याचार, भोकमरी, बेकारी, अशान्ति, हुल-हुज्जत, जाली फट्याइँ हुँदैन। तर, त्यस्तो 'समाजवाद' ल्याउने ढङ्ग, उपाय र किसिम फरक-फरक थियो। हरेक विचारकले आफ्नै ढङ्ग र किसिमको समाजवादी समाजको कल्पना गरे। ती विभिन्न प्रकारका समाजवादीहरूमध्ये नाउँ चलेकाहरूमा सेन्ट साइमन, चार्ल्स फ्युरिए र रोबर्ट ओबेन हुनुहुन्थ्यो। सेन्ट साइमन (१७६०-१८२५) एक फ्रान्सेली विचारक हुनुहुन्थ्यो। चार्ल्स फ्युरिए (१७७२-१८३७) पनि एक फ्रान्सेली विचारक हुनुहुन्थ्यो। रोबर्ट ओवेन (१७७१-१८५८) एक बेलायती मजदुर नेता र समाज सुधारक हुनुहुन्थ्यो।

उहाँहरू राजा-महाराजा, ठुला-बडा र पुँजीपतिवर्गलाई विवेक, परोपकार र धर्मको कुरा सम्झाएर समाजमा भइरहेको शोषण, भोकमरी, बेकारी, अन्याय, अत्याचार र लडाइँ-झगडाहरूलाई निर्मूल गर्न सकिने छ भन्ने विश्वास गर्नुहुन्थ्यो। त्यस विचारअनुसार उहाँहरूले ठाउँ-ठाउँमा आफ्नो अगुवाइमा नयाँ ढङ्गले समाज र बस्तीहरू बसाल्नुभयो। मजदुरहरूलाई सहुलियत दिनुभयो। प्रवचन, भाषण, पत्रपत्रिका र किताबहरू लेखेर समाजवाद राम्रो छ भनेर प्रचार कार्यहरू गर्नुभयो। त्यस्ता समाजवादी समाज बनाउनको निम्ति उहाँहरू राजा-महाराजा, ठुला-बडा, व्यापारी र पुँजीपतिवर्गको दरबार र दैलोमा पुग्नुभयो, मद्दत माग्नुभयो। तर, ती शोषकहरूले



सेन्ट साइमन | रोबर्ट ओवेन | चार्ल्स फ्युरिए

समाजवादका सबै कुरा सुनेर उहाँहरूलाई टाढैबाट नमस्कार गरेर पठाइदिए। तैपनि, उहाँहरू धनीहरूको मन पगालेर शान्तिपूर्वक समाजवाद ल्याउने कुरामा विश्वास राख्नुहुन्थ्यो। तर, उहाँहरूको त्यो विश्वास एक कल्पना वा सपना थियो, किनभने धनीहरूबाट गरिब जनताको भलो हुँदैन भन्ने कुरो त्यसबेलाको मजदुर आन्दोलनको दमनबाट प्रस्ट थियो।

गरिब र मजदुर वर्गप्रति उहाँहरूको सहानुभूति राम्रो कुरो थियो। समाजवादी समाज पनि राम्रो कुरा थियो। तर, समाजवाद कसरी आउँछ भन्ने कुरा उहाँहरू आफैलाई पत्तो थिएन। त्यसैबेला बेलायतमा लुडाइट आन्दोलन सुरु भइरहेको थियो। फ्रान्समा लियोन सहरका मजदुरहरूले विद्रोह गरिरहेका थिए। बेलायतमा मजदुरहरूको मागपत्रको आन्दोलन अगाडि बढ्दै गयो। जर्मनीमा सिलेसियाली मजदुर विद्रोहले नयाँ कुरो बताइरहेको थियो।

त्यसैबेला कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले जर्मनीमा सामन्तवादको थिचोमिचो र अत्याचारको विरोधमा पत्रपत्रिकामा लेखहरू लेखेर सङ्घर्ष गर्दै हुनुहुन्थ्यो। बिस्तारै उहाँहरूको ध्यान युरोपमा भइरहेको मजदुर आन्दोलनहरू र समाजवादी सिद्धान्तहरूमा गयो। कार्ल मार्क्स गैर-कानुनी पत्रिका निकाल्न फ्रान्स जानुभयो। फ्रेडरिक एङ्गेल्स बेलायत जानुभयो। मार्क्स फ्रान्सबाट निकालिनुभयो र बेल्जियमको राजधानी ब्रसेल्स बस्नुभयो। एङ्गेल्सले 'बेलायतका मजदुरवर्गको अवस्था' भन्ने किताब लेख्नुभयो।

फ्रान्स, बेल्जियम र बेलायत बसोबासको बेलामा मार्क्स र एङ्गेल्सले जर्मन दर्शन राजनैतिक अर्थशास्त्र र समाजवादबारे गहिरो अध्ययन गर्नुभयो। उहाँहरूको अध्ययनको केन्द्रबिन्दु त्यसबेलाको मजदुर आन्दोलनसँग सम्बन्धित थियो।

उहाँहरूको अध्ययनले समाजमा आर्थिक उत्पादनका वर्गहरूको विरोध र विकासलाई देखायो। त्यस वर्गसङ्घर्षमा उठ्दो वर्गले पुरानो वर्गमाथि विजय पाउने कुरो देखाउनुभयो। त्यस्तै बढ्दै गइरहेको मजदुर आन्दोलनले मजदुरवर्ग एक लडाउ शक्तिको रूपमा देखाइरहेको थियो। मजदुरवर्गले राजनैतिक सत्ताको निम्ति सङ्घर्ष गर्नुपर्ने आवश्यकतालाई देख्न थाले। त्यसबेला प्रचारमा बाइरहेका विभिन्न किसिमका समाजवादी विचारहरू मजदुरवर्गको राजनैतिक सङ्घर्षको पक्षमा थिएनन्। त्यसकारण मार्क्स एङ्गेल्सले ती कच्चा र कोरा समाजवादी सिद्धान्तहरूको विरोधमा एक एक गरेर वैचारिक सङ्घर्ष गर्नुभयो।

त्यसबेला औद्योगिक मजदुरहरूभन्दा हाते-कारखानाका मजदुरहरूको सङ्ख्या बढी थियो। तर, तिनीहरू सङ्गठित थिएनन्। तिनीहरू आफै पुँजीवादी राजनीतिज्ञ र काल्पनिक समाजवादीहरूको पक्षमा लाग्थे। त्यसकारण, मार्क्स र एङ्गेल्सले मजदुरवर्गलाई ती विचारधाराबाट मुक्त गरेर साम्यवादी समाजको बाटो देखाउन एउटा अलग्गै क्रान्तिकारी मजदुरवर्गको पार्टीको आवश्यकता देख्नुभयो। उहाँहरूले फ्रान्स, बेल्जियम र बेलायतका क्रान्तिकारी मजदुर नेताहरूसँग व्यक्तिगत रूपले भेटघाट र छलफल गर्नुभयो। ती देशहरूको क्रान्ति र पुँजीवादी अर्थतन्त्रको गहिरो अध्ययन गर्नुभयो।

बेलायतमा जर्मनीका प्रवासीहरूको 'जर्मेनियाली न्याय सङ्घ' भन्ने एक सङ्गठन थियो। विभिन्न देशमा त्यसको सङ्गठन र हाँगाबिँगा थियो। मार्क्स र एङ्गेल्सले बेलायतको मागपत्रको आन्दोलनका क्रान्तिकारी नेताहरूसँग छलफल गर्नुभयो। मध्य अगष्ट १८४५ मा बेलायती मागपत्रका आन्दोलनकारीहरू र जर्मेनियाली प्रवासीहरूको एक संयुक्त भेला गराउनुभयो। मजदुरवर्गको अन्तर्राष्ट्रिय समझदारी र एकताको निम्ति त्यो ठुलो पाइलो थियो। मार्क्स र एङ्गेल्स बेलायतबाट फर्कनु भएपछि २२ सेप्टेम्बर १८४५ मा फेरि मागपत्रका आन्दोलनकारीहरू र जर्मेनियाली प्रवासीहरूको एक सङ्गठन बनाइयो।

साम्यवादी समाजबारे प्रचार-प्रसार गर्न र विभिन्न देशका मजदुर सङ्गठन र समाजवादी सङ्गठनहरूको बिचमा विचारको आदानप्रदान गर्नु आवश्यक थियो। त्यसकारण, १८४६ को सुरुमा मार्क्स र एङ्गेल्सले बेल्जियममा एक 'ब्रसेल्स कम्युनस्टि सम्पर्क गोष्ठी' स्थापना गर्नुभयो। त्यस गोष्ठीले साम्यवाद र त्यसबेलाको राजनीतिबारे छलफल सुरु गरियो। लिथो गरेर विभिन्न देशका मजदुर नेताहरू र सङ्गठनसँग विचारको आदानप्रदान गर्‍यो। त्यस कामको निम्ति आवश्यक चन्दा उठाउन थाल्नुभयो। विभिन्न देशका मजदुरहरूलाई जनताको राजनैतिक अधिकारको निम्ति सङ्घर्षको मोहडामा बस्न आह्वान गर्नुभयो। ब्रसेल्स, पेरिस, लण्डन, स्वीट्जरल्यान्ड, ह्याम्बर्ग (जर्मनी) आदि विभिन्न देश र ठाउँमा गोष्ठीहरू सङ्गठित भए। मजदुर सङ्गठनहरूभित्र रहेका काँचा र कोरा समाजवादी विचारहरूलाई खण्डन गरेर एक वैज्ञानिक साम्यवादी सिद्धान्तलाई अगाडि बढाउन गोष्ठीको महासभा (महाधिवेशन) बस्नु आवश्यक थियो। १८४७ जून महिनामा लण्डनमा ठुलो महासभा भयो। आर्थिक कठिनाइले मार्क्स त्यस सभामा भाग लिन सक्नुभएन। तर एङ्गेल्सले मार्क्सको विचारअनुसार सभालाई सञ्चालन गर्नुभयो।

महासभाले 'न्याय सङ्घ' को नाउँलाई 'कम्युनिस्ट लिग' राख्यो। वैज्ञानिक साम्यवादी सिद्धान्तमा आधारित नयाँ किसिमको सङ्गठन बनाउने निधो गरियो। त्यसले एक नियम पनि बनायो। नियमअनुसार महासभाले एक केन्द्रीय समिति चुन्ने छ। केन्द्रीय समितिले तलका सबै सङ्गठनहरूको सञ्चालन गर्नेछ। ती सङ्गठनहरूबाट पठाइएका प्रतिनिधिहरूबाटै महासभा बन्ने छ। तलदेखि माथिसम्म छलफलको स्वतन्त्रता रहनेछ र केन्द्रीय समितिले सबैलाई अगाडि बढाउनेछ। सदस्यहरूले मासिक चन्दा र सङ्गठनको खर्च व्यहोर्ने छन्। सदस्यहरूले साम्यवादी विचारको प्रचार र सङ्गठन गर्न उत्साह देखाउने छन्। नियम पालन नगर्नेहरूलाई पार्टीबाट निकाल्नेछ। पछि जातीय र क्षेत्रीय कुरो उठाउन नपाउने नियम पनि बनाइयो। "सबै मानिस दाजुभाइ हुन्।" भन्ने वाक्यको ठाउँमा "सबै देशका कामदार जनता एक होऔँ।" भन्ने वाक्य राखियो।

केन्द्रीय समिति लण्डनमा थियो। मार्क्सले ब्रसेल्स जिल्ला समिति सम्हाल्नुभयो। एङ्गेल्सले पेरिस जिल्ला समिति सम्हाल्नुभयो। पुस्तकालय, वादविवाद गोष्ठी, अध्ययन गोष्ठी र नाचगान गोष्ठी र अरू प्रचारका सङ्गठनहरूमार्फत कम्युनिस्ट सङ्गठन अगाडि बढ्दै गयो। 'न्याय सङ्घ' र 'शैक्षिक सङ्घ' हरू कम्युनिस्ट लिगहरूमा फेरिए। वैज्ञानिक साम्यवादको प्रचारको निम्ति मार्क्सले 'ड्युत्ये ब्रुसेलर जाइटुङ' नाउँको १५ दिने पत्रिका निकाल्न लाग्नुभयो। कम्युनिस्ट लिगको प्रस्ट सिद्धान्त र कार्यक्रम आवश्यक थियो। एङ्गेल्सले प्रश्नोत्तरको रूपमा 'साम्यवादको सिद्धान्त' भन्ने लेख खेस्राको रूपमा लेख्नुभयो।

*- विश्व प्रसिद्ध मजदुर आन्दोलनहरू*




# मजदुर सहिदहरूको कथा – २

✍ हावर्ड फास्ट




"पहिले म ऊसँग पहिलो भेट कसरी भयो भनेर बताउँछु । तपाईंले त्यो पुरानो उखान सुन्नुभयो होला नि - मनले हेर्ने एक पटक, आँखाले हेर्ने पटक-पटक । मलाई त्यो दिन अझै याद छ । सन् १८७७ को कुरा हो । रेलवे हडतालको युग थियो । भर्खर जन्मेको बछेडो जस्तो मजदुर आन्दोलन जुर्मुराएको थियो । हडताल पनि त्यस्तै थियो । सुरुमा कुनै सङ्गठन थिएन । पहिले एक ठाउँका मजदुरले काम बन्द गरे । अनि अर्को ठाउँकाले बन्द गरे । फेरि अर्को ठाउँका बन्दमा उत्रे । यसरी मजदुर आन्दोलन जुर्मुरायो । तर, नाउँ चलेको नेता कोही थिएन । नेतृत्व पनि आन्दोलनझैँ आन्दोलनकारीहरूको बिचबाट आफै पलाउँदै थियो । अल्बर्ट पार्सन्स पनि त्यही बाटो भएर आयो । अँ, त्योभन्दा पहिले अर्को एउटा कुरा भन्छु । पार्सन्स पहिले एक सङ्गठक थियो । युनियनको राम्रो कार्यकर्ता थियो । बैठकहरू डाक्थ्यो । तर, सन् १८७७ को जुलाई महिनामा यहाँ मजदुरहरूको एउटा भेला भयो । त्यस्तो भेला पहिले कहिल्यै भएको थिएन । मजदुरहरूलाई बजारको सडकमा बोलाइयो । त्यहाँबाट आएर उनीहरू मेडिसन मैदानमा जम्मा भए । कति मान्छे थिए कुन्नि, भगवानै जानून् । कसैले बीस हजार थिए भन्छन् । कसैले ३० हजार थिए भन्छन् । म त यही भन्छु - मान्छेहरू घण्टौँसम्म आइरहे आइरहे । मान्छेका अनुहारहरू रास थियो - समुद्र लहरिए जस्तो । त्यस्तो दृश्य मैले यो जुनीमा देखेकै थिइनँ । मान्छे उभिन खाली ठाउँ थिएन । मानिसहरू गलैँचाझैँ फैलिएका थिए । माथि माथि मसाल र झन्डाहरू फहरिएका थिए । मलाई अलिअलि डर पनि लाग्यो । फेरि खुसीले रोउँरोउँ पनि लागिरह्यो । यस्तैमा अल्बर्ट पार्सन्स उभियो । ऊ भटाभट बोल्न थाल्यो । त्यही मैले पहिलो पल्ट उसलाई देखेको थिएँ ।"





"तपाईंले उसलाई देख्न पाउनुभएन, हैन ? तर, तपाईंले उसको तस्बिर त देख्नुभएको होला नि । केही तस्बिर राम्रा छन् । उठेका आँखीभौँ, सुन्दर काला आँखा, पालिस गरेका पत्थरजस्ता नाक र चिउँडा, काला रेशमी जुङ्गा । सुन्दरताको तारिफ के गरुँ ? कसैले पत्याउँछन्, कसैले पत्याउँदैनन् । यस्ता कुरामा आफू त बुद्धु जस्तो लाग्छ । तर, पार्सन्स अर्कै थियो । मान्छेले ऊ सुन्दर छ भन्ने नै बिर्सन्थ्यो र लठ्ठ परेर उसका कुरा सुनिरहन्थ्यो । मैले पनि उसका कुरा सुन्न थालेँ । सुरुमा मैले उसका कुरा लेख्न चाहेँ । पछि मैले लेख्न छोडिदिएँ र केवल सुनिरहेँ । थाहा छ, उसले कसरी बोल्न थालेको थियो ? उसले भन्यो, "अमेरिकी साथीहरू, स्वतन्त्रता जसको रोटी हो र स्वतन्त्रता जसको दूध, म ती सबैसँग न्याय र अन्यायको कुरा गर्न चाहन्छु । मान्छेका हकअधिकारको होइन, म आशाको कुरा गर्न चाहन्छु । किनभने, हामीसित अधिकार एकदम कम छ र आशा धेरै छ ।" मलाई यतिमात्र सम्झना छ । त्यसपछि लेख्न छोडेको थिएँ मैले । तर पछि मैले आफैसँग सोधेँ - उसमा कति वास्तविक छ ? कति सच्चाइ छ ? उसमा कतिसम्म अभिनय छ ? ऊ बुथजस्तो लाग्यो, एडविन बुथ ( अमेरिकी अभिनेता) जस्तो लाग्यो ! त्यति बेला हाम्रा लागि ऊ एकदम अनौठो मान्छे थियो ।"

"भोलिपल्ट मैले उसलाई हाम्रै मान्छेहरूको अखबारको अफिसमा भेटेँ । हामीले हात मिलायौँ । थोरै गफगाफ गऱ्यौँ । यस्तैमा उसलाई पक्रिन पुलिस आइपुग्यो । तिमीलाई थाहै होला पुलिस कसरी आउँछ ? दुईजना थिए । उनीहरूले उसको पेटमा पेस्तोल दागे । उनीहरूले उसलाई नगरको सभाभवनसम्म लगे । त्यसपछि हिकीको कार्यालयमा लगे । हिकी त्यो बेला प्रहरी चिफ थियो । अफिसरहरूले कोठा भरियो । उनीहरूले उसलाई केरकार गरे । उसले जवाफ दिन के खोजेको थियो सबैले उसको मुखमा थप्पड हान्न थाले । उनीहरूले उसलाई सोधे - टेक्ससको धूर्त बागी, शिकागोमा आएर किन गडबड मच्चाइस् ? उसले आफू मजदुर पार्टीको सभामा बोलेको बतायो । मजदुरहरूले मतदानको अधिकार पाउनुपर्छ भनेको बताउन खोज्यो । त्यही बेला पुलिसले उसलाई खोरमा थुने र कुटपिट गरे । त्यसपछि उनीहरूले उसलाई छोडे । तर, उनीहरूले चेतावनी दिए । कुनै दिन उसको लास गल्लीको कुनै मोडमा बेवारिसे भेटिएला भनेर उसलाई धम्की दिए । 'मजदुरहरूलाई भड्काउन छोडिनस् भने कुनै दिन कुनै भीडले ल्याम्प पोस्टमा झुन्ड्याउला' भने । यी सबै कुरा उसले चौकीबाट फर्केपछि बताएको थियो । उसलाई हामीले त्यही अफिसमा पर्खिरहेका थियौँ ।"

"त्यही घटनापछि नयाँ अल्बर्ट पार्सन्स जन्मियो । म उसैको कुरा गर्दै छु । पार्सन्सजस्तो मान्छेलाई धम्क्याउन सकिन्न । उसलाई पिट्न सकिन्न । उसलाई 'जहाँबाट आइस्, त्यही जा' भन्न सकिन्न । चिच्याउने, कुर्लिने र गर्जिने मान्छेहरूलाई त्यस्तो धम्की दिन सकिएला । तर, पार्सन्स जस्ता मान्छेलाई, टेक्ससका बासिन्दालाई, सौम्य, नम्र र शान्त पाराले बोल्नेहरूलाई कसैगरी सकिन्न । यस्ता मान्छेसामु सबै हत्कण्डा बेकार हुन्छन् ।"

"अर्को वर्ष पार्सन्स बेग्लै मान्छे बन्यो । उसलाई चिनेपछि बल्ल थाहा पाउनुहुनेछ, ऊ जस्तो अर्को एक जना मात्र थियो - सिल्विस । *(सिल्विस मजदुर नेता थिए ।)* सिल्विस मऱ्यो । तर, पार्सन्सलाई भने उनीहरूले मार्नुपऱ्यो । पार्सन्सको विचारमा म सहमत छैन । तैपनि, मैले यो कुरा बताउनैपर्छ । मेरो विचारमा तपाईंले त्यो मान्छेलाई ध्यान दिएर हेर्नुपर्छ । ऊ कस्तो स्थितिबाट गुज्रियो, बुझ्नुपर्छ ।... आठौँ दशकका आखिरी वर्षहरूमा हामीले सँगै काम गऱ्यौँ । मतदानमा उसले कहिल्यै भरोसा गरेन । तर, शिकागोमा लेबर पार्टी दिन दुई गुणा, रात चौगुणा फैलिँदै थियो । कति गजब थियो ऊ ? कहिल्यै थाक्थेन । असफलताले उसलाई अझ इस्पात बनाउँथ्यो । हामी सबैको अनुहार मलिन हुँदा समेत ऊ मुस्काउन सक्थ्यो । एकै साँझमा उसले चार-चार ठाउँमा भाषण दिन सक्थ्यो । तपाईंलाई थाहै होला, जनतासामु बोल्नुजस्तो आत्मघाती काम अर्को छैन । उसले 'नाइट्स अफ लेबर' (एक मजदुर सङ्गठन) मा काम गर्थ्यो । उसले लेख्थ्यो । एकैपल्ट ऊ बीसथरी काम गर्थ्यो । तैपनि, जहानका लागि सधैँ समय निकाल्थ्यो । सडकमा जहानसँग यसरी हिँड्थ्यो । मानौँ, संसारमा उनीभन्दा बढी महत्त्वपूर्ण अर्को केही छैन । दुवैले एकअर्काको हात समाउँथे, एकअर्कालाई हेर्दै हिँड्थे । मानौँ, उनीहरूले एकअर्कालाई पहिलोपल्ट भेटेका हुन् ।"

"मैले भने नि, उसका लागि कुनै पनि कुरा अचाक्ली थिएन । केही वर्षपछि हामीले उसलाई चुनाव लडायौँ । सुरुमा एल्डर म्यान, पछि काउन्टी क्लर्क हुँदै उसले कङ्ग्रेसको चुनाव लड्यो । ऊ आफ्नो लागि मात्र बोल्थेन । हाम्रा हरेक उम्मेदवारको लागि बोल्थ्यो । यसैबिच उसले शिकागोमा पहिलो मजदुर सभा बोलाउने फुर्सद निकाल्यो । उसले त्यो सभाको अध्यक्षता लियो । आफ्नो पेसाका मान्छेहरूलाई जोडेर टाइपोग्राफिकल युनियन बनायो । कसैले युनियन बनाउने सल्लाह र शक्ति माग्यो कि ऊ सित्तैमा सल्लाह र सहयोग दिन तत्पर रहन्थ्यो । एकपल्ट हामीले उसलाई अमेरिकी राष्ट्रपति बनाउन लेबर पार्टीको पहिलो उम्मेदवार बनाउने सोच्दै थियौँ । तर, त्यसबेला उसको उमेर नै पुगेको रहेनछ । आफै सोच्नुस् न, ऊ त्यसबेला जम्मा ३५ वर्षको थियो । आज पनि ऊ जम्मा ४३ वर्षको त छ ।"

"मैले उसलाई सोधेको थिएँ - के गर्ने मन छ ? उसले भनेको थियो - 'दैनिक आठ घण्टा काम' को लागि सक्रिय रहने र मजदुरहरूलाई सङ्गठित गर्ने मन छ । त्यति बेला 'आठघण्टे काम' आन्दोलनमा हाम्रो शक्ति बढ्दै थियो । सबै ट्रेड युनियनले मिलेर पार्सन्सलाई मध्य-पश्चिम अमेरिकाभरि पठाए । उसले सबै ठाउँमा बोल्यो । मजदुरहरूका लागि पार्सन्सले जे-जति गऱ्यो, त्यति गर्ने अर्को मान्छे मैले यो देशमा भेटेको छैन । आठघण्टे कामको बारेमा वासिङटनमा ठुलो सम्मेलन भयो । उसलाई शिकागोको प्रतिनिधि बनाएर त्यहाँ पठाइयो । उसलाई एउटा समितिमा चुनिएछ । समितिले दुइटा काम गर्थ्यो । पहिलो, वासिङटनमा बसेर सङ्गठित मजदुरहरूका आन्दोलनहरूबिच तालमेल मिलाउने । अर्को, आठघण्टे कामको प्रश्नमा गहिराइमा गएर खोजीनीति गर्ने ।"

"वासिङटनमा पार्सन्सले के गऱ्यो ? उसले त्यहाँ के देख्यो ? मलाई थाहा छैन । ऊ कस्तो मान्छे थियो, यो कुरा सधैँ याद राख्नुपर्छ । हुन त मलाई सन्तहरूमा विश्वास छैन । हुन्थ्यो भने म उसलाई सन्त भन्ने थिएँ । तर, ऊ त जीवनरसमा भिजेको थियो । पलपल बाँच्ने बानीले मुग्ध थियो । यति गजब मान्छे थियो, के भनूँ ? यस्तो कुरा सन्तहरूमा पाइँदैन, पाइन्छ र ? ऊ आफ्नी जहानलाई पागलले झैँ माया गर्थ्यो । मान्छेले चोखो माया भन्छन् नि ! त्यस्तो थिएन उनीहरूको माया । उनीहरू अर्कै थिए । शरीर नै आपसमा जोडिएका जस्ता । उनीहरूलाई सँगै देख्नेबित्तिकै यो कुरा बुझिन्थ्यो । वासिङटनमा जे भयो, त्यसपछि ऊ बदलियो । उसले देशमा कसरी शासन गरिन्छ भन्ने देख्यो । त्यसपछि उसको काम गर्ने तरिका नै बदलियो ।"

"त्यसपछि ऊ हामीबाट एकदम अलग्गियो । ऊ अन्तर्राष्ट्रिय मजदुर सङ्घ (इन्टरनेसनल वर्किङ पिपल्स एसोसिएसन)मा लाग्यो । ऊ क्रान्तिकारी समाजवादी बन्यो । केही मान्छे उसलाई अराजकतावादी भन्छन् । अराजकतावादी !? अराजकतावादी त उसलाई बदनाम गर्न बिल्ला लगाइएको हो । ऊ के थियो भन्ने मलाई थाहा छ ! हो, विचारले म उसको विरोधी नै रहनेछु । तर, ऊ अराजकतावादी थिएन, बरु क्रान्तिकारी समाजवादी थियो । त्यही थियो । ऊ पुँजीपतिहरूले कार्नुनमा देखाए जस्तो थिएन - दुवै हातमा बम लिएको दाह्रीवाल पागल थिएन । कार्टुनको तल अराजकतावादी लेखिएको थियो । पार्सन्स त्यस्तो थिएन । हो मान्छु, उसले गलत बाटो लिएको थियो । तर, ऊ पुँजीपतिहरूले चित्रण गरेजस्तो पटक्कै थिएन ।"

"तैपनि, त्यसपछि उसले जे गऱ्यो, त्यसबारे सोचिल्याउँदा म उसको बद्ख्वाइँ पनि कसरी गरुँ ? ऊ जनताबिच गयो । ऊ कोइला क्षेत्रहरूमा गयो । पेन्सिल्भेनिया र इलिनोयका नर्क जस्ता नगरहरूमा घुम्यो । उसले खानी मजदुरहरूसँग कुराकानी गर्थ्यो । उनीहरूसँगै बस्थ्यो । हर्दम समाजवादको प्रचार गर्थ्यो । समाजवादी लक्ष्यमा खटिन्थ्यो । तर, पनि यहाँदेखि पाँच माइल परपरसम्म यस्तो कुनै मजदुर सङ्घर्ष छैन, जसमा उसले भाग नलिएको होस् । उसले आफ्नो इन्टरनेसनलको पहिलो अङ्ग्रेजी मुखपत्र 'अलार्म' साप्ताहिकको स्थापना गऱ्यो । त्यसको सम्पादन गऱ्यो । यो कुरा त तपाईंलाई थाहै छ । केही वर्षअघि ठुल्ठुला हडताल भए । त्यसबेला ऊ मजदुरहरूसँगै हडतालमा थियो । तिनीहरूले उसलाई पहिले नै मार्ने प्रयास गरेका थिएनन् भनेर नसोच्नुहोला । पिङ्करटन्सका टोलीहरूले पार्सन्सको हत्या गर्ने गुप्त आदेश पाइसकेका थिए । *(पिङ्करटन्स अमेरिकाको पहिलो खुफिया प्रहरी थियो । यसको काम नै मजदुरहरूलाई दमन गर्नु थियो । तिनको हडताल भाँड्ने र तिनका हकहितलाई आवाज दिने नेताहरूको हत्या गर्ने काम गर्थ्यो यसले ।)* मैले आफ्नै आँखाले त्यो आदेश देखेको थिएँ । अरूको नाम पनि थियो लिस्टमा । तर, पहिलो नाम पार्सन्सको थियो । मौका पायो कि उसलाई लौरोले कुटीकुटी मार्नू भनेर पुलिसलाई निर्देशन थियो । उनीहरूले कोसिस पनि नगरेका होइनन् । सकेको सबै हत्कण्डा लगाएका हुन् ।"

"हेमार्केटको कुरा गर्नुभन्दा अगाडि भन्नलाई अब के बाँकी रह्यो थाहा छ ? ऊ कसरी बाँचेको थियो, सुन्नुहुन्छ ? ऊसँग जीवन चलाउने कुनै निश्चित काम थिएन । लुसी होसियार थिइन् । मैले देखेको छु, उनी पार्सन्सले लगाएर थोत्रो बनाएको लुगा टालटुल गर्थिन् । बचेखुचेका चीजबीजले खानाको जोरजाम गर्थिन् । कहिलेकाहीँ वर्षदिन उसले काम पाउँथेन । पश्चिमका हरेक अखबार र हरेक छापाखानाको कालोसूचीमा उसको नाम थियो । अनि उसका साथीहरूले आआफ्नो सानोतिनो कमाइबाट उसलाई पाल्थे, उसलाई खुवाउँथे । करकाप नगरुन्जेल उसले अरूबाट केही लिँदैनथ्यो । उसले कहिल्यै केही मागेन । कहिल्यै कुनै गुनासो गरेन । एकपल्ट उसलाई अप्ठेरो स्थितिमा भेटेँ । एकाध घण्टा कुराकानीमै बित्यो । अनि बल्ल मैले बुझेँ, भोकले ऊ कक्रक्क परेको थियो । उसलाई चक्कर लागेको थियो । दुई दिनदेखि उसले केही खाएको रहेनछ ।"

"ऊसँगको भेटबारे कुरा दोहोऱ्याउँदा तपाईंलाई बोर लागेको होला । किनभने, यो कुरा हामी दुवैलाई थाहा छ । तैपनि आफैलाई सुनाउन भन्दै छु । सुनिदिएकोमा तपाईंलाई धन्यवाद छ । तर, पहिले म त्यो मान्छेको कुरा पूरा गर्छु । यिनीहरूले उसलाई मारे पनि ऊ मर्नेछैन । केही मान्छे मर्दैनन् । पछि गएर हामी दुवै ऊसँग भिड्नुपर्ने पनि हुन सक्छ । त्यसैले म उसलाई बुझ्न चाहन्छु । मेरो लागि र तपाईंको लागि पनि । उनीहरू समाजवाद विदेशी चीज हो भन्छन् । तर, पार्सन्समा विदेशी जस्तो के छ ? एकपल्ट टेक्ससमा बस्थे अमेरिकी सेनाका एक मार्शलसँग मेरो भेट भयो । ऊ पनि पार्सन्सजस्तै थियो - शान्त, सौम्य र विनम्र । कहिल्यै ठुलो स्वरले बोल्थेन । मानौँ, माफी माग्ने शैलीमा कुरा गर्थ्यो । तर, उसलाई सबैले बहादुर मान्थे । उसले आफ्नै ढङ्गले कमजोर र असहायहरूको पक्ष लिन्थ्यो । यसको अर्थ पार्सन्स एकदम मोटोघाटो थियो भनी नठान्नु । ऊ हरेक विषयमा शान्त भएर सोच्थ्यो, विषयलाई तार्किक ढङ्गले बुझ्थ्यो । मजदुर आन्दोलन र समाजवादबारे आफूले भेटाएका सबथोक पढेको छ उसले । उसको कुरामा विचार हुन्छ । उसका विचारको विरोधी हुँ म । उसका विचार गलत छन्, एकदम डरलाग्दा छन् । जेजति भयो, त्यसले पार्सन्स गलत थियो भन्ने पुष्टि भएन त ? उसको हिसाबले त एउटै बाटो हुनुपर्ने - मजदुरहरूले एकजुट भएर उठ्नुपर्ने र उत्पादनका साधनमाथि, कारखाना, स्कूल र न्यायालयमा कब्जा गर्नुपर्ने । मेरो विचारमा यो त पागलपन हो । हेर्नु न म पनि उसको विरोधमा छु । स्पाइस र उसका अरू साथीको पनि विरोधमा छु । तर, उनीहरूसँग सहमत छैन भन्दैमा 'उनीहरू मरे पनि हुन्छ' भन्न ठीक होला त ? यही कारणले उनीहरूको हत्या गर्नु सही होला त ?"

"तपाईंले सोध्नुहोला - यदि पार्सन्सको चाहना त्यो थियो भने उसले आठघण्टे काम अनि मजदुरहरूका माग र उन्नतिका लागि किन यति कठोर लडाइँ लड्यो त ? यो एकदम चाखलाग्दो कुरा हो । मैले आफै पार्सन्ससँग यो प्रश्न सोधेको थिएँ । तर, उसको आँखामा यी दुई कुरामा कुनै अन्तरविरोध थिएन । कसरी ? मजदुरहरूका यसखाले हरेक उपलब्धि, उनीहरूको हरेक जीत समाजवादी लक्ष्यमा पुग्न, मजदुरहरूको लक्ष्यमा पुग्न एउटा खुड्किलो थियो, एक जीत थियो । म के भन्न खोजिरहेको छु भने ऊ बोलेको गर्ने मान्छे थियो । यस्तो मान्छे बिरलै भेटिन्छ । पार्सन्स त्यस्तै थियो ।"

"म अरू पनि धेरै कुरा बताउन सक्छु । पार्सन्सको विषयमा यताउताका कुरा गरेर दिन बिताउन सक्छु । तर, आज फुर्सद छैन । अब ढेड घण्टा मात्र बाँकी छ । अब त्यस बेला के भएको थियो, भन्छु ।"

"तपाईंलाई याद होला, डेढ वर्षअघि हामीले वर्षको एक दिन अमेरिकी मजदुरहरूलाई अर्पित गर्ने निधो गरेका थियौँ । त्यो दिन हाम्रो हुनेछ; हाम्रो एकता र आठघण्टे कामको सङ्घर्षमा हाम्रो सङ्कल्पको प्रतीक हुनेछ भन्ने थियो । हामीले मे १ को दिन रोज्यौँ । हामीले आफ्नो लागि एक दिन मागेर, आफ्नो लागि एक दिनको बिदा मागेर देशको जग नै भत्काएको भन्ठान्नुभयो होला तपाईंहरूले । त्यो दिन जसैजसै नजिक आयो, त्यसपछि के भयो भन्ने कुरा तपाईंलाई यादै होला । पिङ्करटन्सको पूरै फौज शिकागोमा ओइरियो । पुलिसहरू टुप्पीदेखि पाइतलासम्म हतियारले लैस भए । सडकमा डुल्ने सबै आवाराहरूलाई हामीविरुद्ध तैनाथ गरियो । नेसनल गार्डलाई सावधान राखियो । कतिसम्म भयो भने शिकागोमा शान्ति कायम गर्न सेना परिचालन गर्न भनियो । तर, के साँच्चै हामी शान्तिका लागि खतरा थियौँ ? हामीले त आठघण्टे कामको आन्दोलनका लागि आफ्नो एकता देखाउन एक दिन मागेका थियौँ । त्यो शनिबार आयो र गयो । कुनै गडबडी भएन । गडबडी त हाम्रो शत्रु थियो । हामीलाई आफ्नो उद्देश्य थाहा थियो । हामी देशैभरि सङ्गठित थियौँ । हिंसा गरेर हामीलाई के फाइदा ? फाइदै थिएन ।"

"तर, मे ३ गते सोमबारका दिन नराम्रो घटना भयो । त्यसबारे तपाईंलाई थाहै होला । तर, म सबथोक उचित ठाउँमा राख्न चाहन्छु । म्यकार्मिक कारखानामा भएको प्रदर्शन लम्बर शोवर्स युनियनको प्रदर्शन मात्र थिएन । त्यहाँ कारखानाका एक हजारभन्दा बढी हडताली मजदुर जम्मा भएका थिए । अगस्त स्पाइसले त्यहाँ बोलेको सही हो । तर, उसले उग्र नारा लगाएको थिएन । उसले एकताको लागि आह्वान मात्र गरेको हो । के यो अपराध हो ? हडताल भाँड्न आएका भेदीहरू बाहिर जान थालेपछि मात्र गडबडी सुरु भएको थियो । हडतालीहरूले उनीहरूलाई चिनिहाले र तिनलाई गाली गर्न थाले, सराप्न थाले । त्यो गालीगलौज यहाँ भन्न लायक छैन । त्यो दृश्य कल्पना गरे पुग्छ । दुई युनियनका ६ हजार हडताली मजदुरले बाहिर सभा गर्दै थिए । तिनका आँखा उठेर बाहिर निस्किरहेका भेदीहरूमाथि पऱ्यो । त्यहाँ जे भयो मैले यिनै आँखाले देखेँ । म्यकार्मिकका हडतालीहरू कारखानाभित्र जान थाले । कसैले उनीहरूलाई केही भनेन, कसैले उनीहरूलाई उक्साएन । उनीहरू चुपचाप चौरतिर लागे । हुन सक्छ, कसैले केही ढुङ्गा पनि उठाएको होला । कसैले जथाभावी गाली गरेको हुन सक्छ । तर, उनीहरूले केही गर्नुभन्दा अगाडि नै पुलिसले गोली ठोक्न थाल्यो । हे भगवान्, युद्धको जस्तै माहोल बन्यो । हडतालीहरू निहत्था थिए । पुलिसले निसानाबाजी खेलेझैँ भयो । पेस्तोलहरू एक हात पर थिए । राइफल सोझ्याइएका थिए । गोलीको गडगडाहट सुरु भयो - ड्याम, ड्याम, ड्याम ।"

"मान्छेहरू भन्छन्, कारखानाले थप सुरक्षाकर्मी मागेको थियो रे । उनीहरू आउन समय लाग्थ्यो । लाग्थ्यो वा लाग्थेन, के थाहा ? जे होस्, केही मिनेटमै पुलिसको गस्ती गर्ने गाडी आइहाल्यो । तिनको पछि लागेर दुई सय हतियारधारी मान्छेको फौज ।"

"पुरानो जमानामा यस्तो हुन्थ्यो पनि होला । तर, आजभोलि !? हाम्रै सामुन्ने मजदुरहरू भकाभक ढल्न थाले । मानौँ, उनीहरू कुनै लडाइँको मैदानमा छन् । ढलेका मजदुर उभिन खोज्दा पुलिसहरूले दौडेर तिनीहरूमाथि लौरो बजार्न थाले । हेर्नै नसकिने दृश्य थियो । हदैसम्मको क्रूरता थियो, जङ्गलीपन थियो । भाग्न मन लाग्यो । अनिष्ट भइहाल्छ कि भन्ने भयो । त्यही भएर म भागेँ । तर, स्पाइस भागेर 'आरबाइटेर जाइटुङ' (मजदुर पत्रिका) को कार्यलयमा पुग्यो । यो घटनाको निन्दा गर्नलाई तुरुन्तै हेमार्केट चोकमा सभा बोलाउन उसले चारैतिर खबर पठायो । सुरुआत यस्तो थियो । हामी आफ्नो दिनमा, मे दिवसमा शान्त र संयमित भएको उनीहरूलाई पचेन । त्यही भएर सुरु भएको थियो सबथोक । खास गडबडी त बन्दुकले मात्र मच्चाउन सक्थ्यो । रगत बगेपछि मान्छेले जोडजोडले क्रान्तिको कुरा गर्ने माहोल बन्थ्यो ।"

"साँच्चै भन्ने हो भने पार्सन्स त्यहाँ थिएन । हेमार्केटमा बम फाल्ने बेला पनि ऊ त्यहाँ थिएन । म्यकार्मिक कारखानाका मजदुर र दाउरा बोक्ने मजदुरहरू मात्र हडतालमा थिएनन् । पुलम्यान, ब्रुन्जविक, प्याकिङ कारखानाका मजदुर, सबै हडतालमा थिए । शिकागो मात्र होइन, सेन्ट लुई, सिनसिनाटी, न्युयोर्क, सान फ्रान्सिस्को, जताततै हडताल थियो । पार्सन्स अन्त कतै थियो होला । तर, यहाँ थिएन । पार्सन्स थकाइले गलेको थियो, बिरामी थियो । ऊ घर आउँथ्यो र बिस्तरामा ढल्थ्यो । मजदुरहरूका सङ्गठनकर्ताको जिन्दगी यस्तै हुन्छ । धेरै बाँच्दैनन् । पहिला पेटले काम गर्न छोड्छ, त्यसपछि खुट्टातिर व्यथा सर्छ । यस्तो बेला कसैले कुटपिट गर्छ, लौरोले मारधुलाइ गर्छ भने टाउको र दिमागले पनि काम गर्न छोड्छ ।"

***(अनु. मोहिनी)***




जैविक ऊर्जा प्रयोग कम गर्न र प्रदूषण घटाउन माग गर्दै दक्षिण अमेरिकी देश कोलम्बियाको सान्ता मार्ता सहरमा हुन लागेको वातावरण सम्मेलनअगाडि सडक प्रदर्शन गर्दै वातावरणवादी अभियन्ता र कार्यकर्ताहरू अप्रिल २७, २०२६ का दिन।

*तस्बिर : एपी/इभान भ्यालेन्सिया*

# मे १ देखि चीनद्वारा दौत्य सम्बन्ध कायम भएका सबै अफ्रिकी मुलुकमाथि शून्य भन्सार कर

पेइचिङ, २८ अप्रिल (सीआरआई)। चीनको राज्य परिषद् अन्तर्गत भन्सार कर नियम परिषद्ले विज्ञप्ति जारी गरे अनुसार, सन् २०२६ को मे १ देखि सन् २०२८ को अप्रिल ३० तारिखसम्म चीनले चीनसँग दौत्य सम्बन्ध कायम भएका २० वटा अविकसित अफ्रिकी मुलुकका लागि विशेष लाभको रूपमा शून्य भन्सार कर लागू गर्नेछ। दुई वर्षसम्म लागू गरिने यो अवधिमा चीनले निरन्तर रूपमा सम्बद्ध अफ्रिकी मुलुकसँग आर्थिक साझेदारी सम्बन्धको साझा विकास गर्ने सन्धिमा हस्ताक्षर गर्न प्रयास गर्दैजानेछ।

**जापानी प्रधानमन्त्रीको भनाइप्रति चीनको प्रतिक्रिया**

अप्रिल २८ तारिख चीनको परराष्ट्र मन्त्रालयका प्रवक्ता लीन च्यानले नियमित पत्रकार सम्मेलनको अध्यक्षता गर्नुभएको छ। उहाँका अनुसार, हाल जापानी ताकाइची साने सत्ताले जोडतोडसँग सैन्य उद्योग व्यवसायको विकास गर्नुबाहेक खुला रूपमा दीर्घकालीन युद्धका लागि तयार गरिरहेको घोषणा गरेको छ। इतिहासमा जापानले युद्ध मच्चाएर अरू देशमाथि थिचोमिचो गरेको थियो भने अहिले तथाकथित तनावपूर्ण परिस्थितिको प्रसार प्रसार गरेको छ। यस्तो कारबाहीबाट के प्रमाणित हुन्छ भने जापानले इतिहासलाई दोहोऱ्याउन खोजेको हो कि ? जापान पुनः एकपल्ट पूर्वी एशियाका लागि खराब र खतराको उद्‌गम बन्ने छ कि ?

चालु वर्ष टोकियो अभियोगको ८० औं वर्ष हो। यस्तो विशेष वर्षको अवसरमा जापानले गहन रूपमा आफ्नो थिचोमिचो अपराधको स्वविचार गरेको छैन। बरू त्यसले पुनः सैन्य विस्तार गर्न खोजेको छ। त्यसैगरी अन्तर्राष्ट्रिय समाजले त्यस कारवाईलाई पट्टकै स्वीकार गर्नदिँदैन। विश्वमा रहेका सबै शान्तिप्रेमी मुलुकहरूले उच्च सतर्कता राख्दै दृढताका साथ जापानी नयाँ ढाँचाको सैन्यवादी षडयन्त्र र कुचेष्टाको प्रतिरोध र नियन्त्रण गर्नुपर्ने कुरामा पनि प्रवक्ता लीन च्यानले जोड दिनुभएको छ।

**जापानको यासुकुनी देवलको पूजाप्रति चीनद्वारा कडा निन्दा**

अप्रिल २८ का दिन चीनको परराष्ट्र मन्त्रालयका प्रवक्ता लीन च्यानले नियमित पत्रकार सम्मेलनको अध्यक्षता गर्दै पत्रकाद्वारा सोधिएको प्रश्नको जवाफ दिनुभएको छ। अप्रिल २८ का दिन जापानी लिबरल डेमोक्रेटिक पार्टीको रूढिवादी समूह अर्थात् रूढीवादी एकता समितिका सदस्य र राजनीतिक सहभागी पार्टीका काङ्ग्रेस र स्थानीय संसद्का १६६ जना सांसदले यासुकुनी देवलको पूजा गरेका छन्।

यस विषयबारे चर्चा गर्दै प्रवक्ता लीन च्यानले तथाकथित यासुकुनी देवल वास्तवमा जापानी सैन्यवादले अतिक्रमणकारी युद्ध मच्चाएको भावनात्मक साधन र प्रतिक रहेको भन्नुभयो। जापानले तथाकथित यासुकुनी देवलको पूजा लगायतका अनेकन् नकारात्मक कारवाईमार्फत जथाभावी रूपमा ऐतिहासिक न्याय र मानवजातिको इज्जतको उल्लङ्घन गर्दै दोस्रो विश्वयुद्धको विजय र युद्धपछिको अन्तर्राष्ट्रिय परिपाटीलाई उत्तेजित पार्न खोजेको छ। चीनले जापानको यस कारबाहीप्रति गम्भीर क्रोध व्यक्त गर्नुका साथै गम्भीर रूपमा त्यसको निन्दा गरेको पनि प्रवक्ता ली च्यानले औंल्याउनुभएको छ।

# रूस र युक्रेनबिचको आक्रमणमा चार जनाको मृत्यु

मस्को, १५ वैशाख (एएफपी)। बेलगोरोडको रूसी सीमा क्षेत्रमा मङ्गलबार भएको युक्रेनी ड्रोन आक्रमणमा तीन जनाको र रूसी आक्रमणले मध्य युक्रेनमा एक जनाको मृत्यु भएको स्थानीय अधिकारीहरूले बताएका छन्।

दक्षिणी रूसको प्रमुख तेल प्रशोधन केन्द्रमा युक्रनी आक्रमणपछि आगलागी भएको जनाइएको छ भने तटीय सहर टुआप्समा आगलागीका कारण बाक्लो कालो धुवाँले स्थानीय आपतकालको अवस्था उत्पन्न भएको जनाइएको छ।

युक्रेनी सशस्त्र फौजले गरेको ड्रोन आक्रमणमा तीन जना सर्वसाधारणको मृत्यु हुनुका साथै अन्य तीन जना घाइते भएको बेलगोरोडका क्षेत्रीय गभर्नर व्याचेस्लाभ ग्ल्याडकोभले टेलिग्राम मार्फत जनाउनुभएको छ।

एउटा कारलाई निशाना बनाइ गरिएको आक्रमणमा एक जना पुरुष र एक जना महिलाको मृत्यु भएको उहाँले पुष्टि गर्नुभएको छ।

सन् २०२२ फेब्रुअरीमा युक्रेनमा आक्रमण सुरु भएदेखि रूसले युक्रेनका प्रमुख पूर्वाधार स्थलहरूमा नियमित रूपमा बमबारी गरिरहेको जनाइएको छ।

मध्य युक्रेनको क्रिवी रिग सहरमा भएको रूसी आक्रमणमा एक जनाको मृत्यु हुनुका साथै पाँच जना घाइते भएको ड्निप्रोपेट्रोभस्क क्षेत्रका प्रमुखले सामाजिक सञ्जालमार्फत जनाउनु भएको छ।

मस्कोको सेनाको क्षमतालाई कम गर्न रूसी ऊर्जा पूर्वाधारलाई लक्षित गरी आक्रमण गरिएको किभले बताएको छ।

रूसको दक्षिणमा स्थित तटमा रहेको टुआप्स तेल प्रशोधन केन्द्रमा पछिल्लो समयमा धेरै पटक विस्फोट भएको जनाइएको छ।

गत हप्ता भएको युक्रेनी ड्रोन आक्रमणपछि धेरै दिनसम्म उक्त तेल प्रशोधन केन्द्रमा आगो लागेको जनाइएको छ।

सुरक्षाकोलागि अधिकारीहरूले स्थानीयवासीहरूलाई बाहिरी गतिविधि सीमित गर्न र घरमा झ्यालहरू बन्द गरेर आदेश दिएका छन्।

# लेबनानमा इजरायली आक्रमण जारी

बेरुत, १५वैशाख (क्युएनए)। इजरायली सेनाले अप्रिल- १६ देखि सुरु भएको युद्धविराम उल्लङ्घन गर्दै मङ्गलबार पनि दक्षिणी लेबनानमा आक्रमण जारी राखेको छ।

लेबनानको राष्ट्रिय समाचार एजेन्सीले इजरायली लडाकु विमानहरूले नबातीह जिल्लाको जाव्तार अल-शार्कियाह सहरमा तीन वटा हवाई आक्रमण गरेको रिपोर्ट गरेको छ। यसैबिच दक्षिणी लेबनानको बिन्ट जेबिल जिल्लाको ह्यारिस सहरमा इजरायली हवाई आक्रमण गरे पछि धेरै मानिसहरू बेपत्ता भएको जनाइएको छ।

इजरायली लडाकु विमानहरूले टायर जिल्लाको जबल अल-बटुम सहरमा आक्रमण गरेको तथा बिन्ट जेबिलमा भारी मेसिन गनहरू प्रहार गरेको जनाइएको छ। लेबनानको स्वास्थ्य मन्त्रालयले दक्षिणी लेबनानमा इजरायली हवाई आक्रमणमा चार जनाको मृत्यु हुनुका साथै ५१ जना घाइते भएको घोषणा गरेको छ।

दक्षिणी लेबनानमा आक्रमण जारी राखेर, इजरायली इकाईले अप्रिल- १६ मा लागु भएको १० दिने युद्धविरामको उल्लङ्घन गरिरहेको छ।

# इन्डोनेसियामा रेल दुर्घटना, १४ जनाको मृत्यु र ८४ घाइते

जकार्ता, १५ वैशाख (सिन्ह्वा)। इन्डोनेसियाको पश्चिमी जाभाको बेकासीमा दुई वटा रेलहरू एक आपसमा ठोक्किएर दुघर्टना हुँदा १४ जनाको मृत्यु हुनुका साथै ८४ जना घाइते भएको स्थानीय अधिकारीहरूले मङ्गलबार बताएका छन्।

दुर्घटना पछि इन्डोनेसियाका राष्ट्रपति प्रबोवो सुबिआन्तोले बेकासीको अस्पतालमा पीडितहरूलाई भेटी समवेदना व्यक्त गर्दै दुखद घटनाको सिध्र अनुसन्धान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

रेल अपरेटर तथा केएआईका अध्यक्ष निर्देशक बबी रेसिडिनले १४ जनाको मृत्यु भएको पुष्टि गर्नुभएको छ। उहाँका अनुसार मृतकलाई पहिचानका लागि प्रहरी अस्पतालमा लगिएको छ भने ८४ जना घाइतेहरूले विभिन्न स्वास्थ्य सुविधाहरूमा उपचारका लागि लगिएको छ।

## विश्व सङ्क्षेप

# सन् २०३० सम्ममा २५ हजार महिला शिक्षक तथा स्वास्थ्यकर्मी गुमाउँदै अफगानिस्तान : राष्ट्रसङ्घ

काबुल, १५वैशाख (सिन्ह्वा)। पछिल्लो समयमा अफगानिस्तानले सार्वजनिक सेवामा महिलाको गम्भीर र बढ्दो अभावको सामना गरिरहेको जनाइएको छ। बालिका तथा केटीहरूको शिक्षा र महिलाको रोजगारीमा प्रतिबन्धका कारण सन् २०३० सम्ममा २५ हजार भन्दा बढी महिला शिक्षक र स्वास्थ्य कार्यकर्ता गुमाउने संयुक्त राष्ट्रसङ्घीय एजेन्सी युनिसेफले चेतावनी दिएको छ।

युनिसेफले अफगानीस्तानको पछिल्लो परिस्थितिलाई दोहोरो सङ्कटको रूपमा वर्णन गर्दै महिलाहरूलाई उच्च शिक्षामा बहिष्कारको विरुद्धमा कार्य गर्दै उनीहरूलाई शैक्षिक पहुँच जिहिन हुनुबाट रोकेको जनाएको छ।

प्रतिवेदनका अनुसार चालु दशकको अन्त्य सम्ममा देशले २० हजार महिला शिक्षक र पाँच हजार चार सय स्वास्थ्यकर्मी गुमाउन सक्ने अनुमान गरिएको छ।

सन् २०२१ सेप्टेम्बरबाट अफगान सरकारले वालिकाहरूलाई माध्यमिक शिक्षामा प्रतिबन्ध लगाएपछि, १० लाखभन्दा बढी बालिकाहरू आफ्नो सिकाइ अधिकारबाट वञ्चित भएको युनिसेफले जनाएको छ। यदि यो प्रतिबन्ध सन् २०३० सम्म कायम रह्यो भने २० लाखभन्दा बढी बालिका प्राथमिक तहकै विद्यालय पहुँचभन्दा बाहिर रहने चेतावनी युनिसेफले जनाएको छ।

अफगानिस्तानमा केटीहरूलाई हाल कक्षा-छ भन्दा माथिको शिक्षाको लागि प्रतिबन्ध लगाइएको भने महिलाहरूलाई अर्को सूचना नआएसम्म विश्वविद्यालयहरूमा उपस्थित हुन निषेध गरिएको छ।

प्रतिवेदनले अफगान सरकारलाई केटीहरूको माध्यमिक शिक्षामा लगाइएको प्रतिबन्ध तुरुन्तै हटाउन आग्रह गरेको छ, भने अन्तर्राष्ट्रिय समुदायलाई अफगान बालिकाहरूको शिक्षाको मौलिक अधिकारको सरक्षणमा सहयोग गर्न आह्वान गरेको छ।

# युरोपेली युनियनको नवीन प्रतिबन्धको प्रतिक्रियामा रूसद्वारा ईयु अधिकारीलाई रूसी क्षेत्र प्रवेश प्रतिबन्ध जारी

मस्को, १५ वैशाख (क्यूएनए)। रूसी विदेश मन्त्रालयले युरोपेली युनियनले लगाएको नविन प्रतिबन्धको प्रतिक्रियामा मस्कोले युरोपेली युनियन (ईयू) का अधिकारीहरूलाई रूसी क्षेत्र प्रवेश गर्न प्रतिबन्ध लगाएको घोषणा गरेको छ।

युक्रेनलाई सैन्य सहायता दिने निर्णयमा संलग्न युरोपेली संस्था र ईयू सदस्य राष्ट्रका प्रतिनिधिहरूको प्रवेशमा मस्कोले प्रतिबन्ध लगाएको विदेश मन्त्रालयले विज्ञप्तिमार्फत पुष्टि गरेको छ।

मन्त्रालयले ईयूको प्रतिबन्ध नविकरण निर्णयहरूको प्रतिक्रियामा, रूसी पक्षले ईयूसँग सम्बन्धित संस्थाहरू, ईयूका सदस्य राष्ट्रहरू, र धेरै युरोपेली प्रतिनिधिहरू सहितको प्रतिबन्ध सूची विस्तार गरेको जनाएको छ।

यसै गरी प्रतिबन्ध सूचीमा युरोपेली युनियनसँगको समन्वय तथा युक्रेनलाई सैन्य सहयोग गर्ने निर्णयमा संलग्न अन्य धेरै युरोपेली देशका प्रतिनिधिहरूलाई समावेश गरी विज्ञप्ति जारी गरिएको जनाइएको छ।

यसअघि अप्रिल - २३ मा ईयूले रूसविरुद्ध २० औं प्रतिबन्धको नविकरण गरेको थियो।

# इरानको नयाँ शान्ति प्रस्तावमा अमेरिकी राष्ट्रपति ट्रम्प असन्तुष्ट : रिपोर्ट

वासिङ्टन, १५ वैशाख (सिन्ह्वा)। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प इरानको पछिल्लो शान्ति प्रस्तावमा असन्तुष्ट रहेको अमेरिकी मिडियाले रिपोर्ट गरेका छन्। प्रस्तावले होर्मुज खोल्ने र इरानको बन्दरगाहहरूमा अमेरिकी सैन्य नाकाबन्दी अन्ये गर्ने प्रयासलाई प्राथमिकतामा राखी आणविक विषयलाई समावेश नगरेको ह्वाइट हाउस अधिकारीलाई उद्धृत मिडियाले रिपोर्ट गरेका छन्।

राष्ट्रपति ट्रम्पले सोमबार ह्वाइट हाउसमा भएको बैठकमा आफ्ना शीर्ष अधिकारीहरूसँग इरानको प्रस्तावबारे छलफल गरेको जनाइएको छ।

ट्रम्पले इरानको प्रस्ताव स्वीकार गर्ने सम्भावना नरहेको बैठकका सहभागीहरूलाई उद्धृत गर्दै सिएनएनले जनाएको छ।

अधिकारीलाई उद्धृत गर्दै द न्यूयोर्क टाइम्सले इरानी प्रस्ताव जस्ताको त्यस्तै स्वीकार गर्दा ट्रम्पले बारम्बार भन्दै आएको इरानले आणविक हतियार राख्न नहुने विषय ओझेलमा पर्ने जनाएको छ।

फक्स न्यूजसँगको अन्तर्वार्तामा, अमेरिकी विदेशमन्त्री मार्को रुबियोले इरानको नयाँ प्रस्ताव समग्रमा राम्रै रहे तापनि तेहरानलाई आणविक हतियार विकास गर्नबाट रोक्नुपर्ने कुरामा जोड दिएका छन्।

यसअघि ट्रम्पले इरानसँगको कुनै पनि शान्ति सम्झौता तोकिएको समयमा हुने कुरामा जोड दिँदै इरानसँगको युद्ध समाप्त गर्न युद्धविराम वा वार्तामा कुनै किसिमको दबाब नरहेको बताएका थिए।

# विविधताको संसार र हाम्रो चेतना : अस्तित्वको एक दार्शनिक विमर्श

✍ इकुश्रे

विविधताको अनन्त र विशाल क्यानभासमा यो संसार यति बृहत् छ कि यहाँ एकै क्षणमा विरोधाभासपूर्ण दृश्यहरूले अस्तित्वको अर्थ खोजिरहेका हुन्छन् । कतै नवजात शिशुको पहिलो रुवाइले जीवनको नयाँ अध्यायको सूत्रपात गरिरहेको हुन्छ भने कतै अन्तिम सासको धुकधुकीले एउटा अस्तित्वको समापन गरिरहेको हुन्छ । संसारको यो रङ्गमञ्चमा कोही यौवनको उन्मादमा पहाडहरू चढ्ने साहस गरिरहेको हुन्छ त कोही बुढ्यौलीको भारले थिचिएर सकिनसकी घिस्रिरहेको हुन्छ । कोही भर्भराउँदो शरीर र स्वस्थ मन लिएर जीवनलाई उपभोग गरिरहेको हुन्छ त कोही रोगको ओछ्यानमा परेर आफ्नो अस्तित्वको अर्थ खोजिरहेको हुन्छ । यी तमाम दृश्यहरू कुनै छरिएका आकस्मिक घटनाहरू होइनन्, अपितु संसारको त्यो वास्तविक र शाश्वत अनुहार हुन् जसले हामीलाई मानिस हुनुको र फरक-फरक अस्तित्वको गहिरो बोध गराउँछन् ।

परिवर्तन नै यो ब्रह्माण्डको एकमात्र अकाट्य सत्य हो, जसको गतिमा नै संसारको अस्तित्व अडिएको छ । प्रकृतिको नियमले हामीलाई स्थिरता होइन, निरन्तर गतिशीलताको पाठ पढाउँछ । नदी कहिल्यै एकै ठाउँमा बग्दैन, ऋतुहरू समयको गतिसँगै फेरिन्छन् र मानिसको शरीर हरेक सेकेन्डमा नयाँ कोषिकाहरूको निर्माण र विनाशबाट गुज्रिरहेको हुन्छ । प्रकृतिमा जे-जति कुराहरू घटित हुन्छन्, तिनका पछाडि एउटा निश्चित चक्र हुन्छ । बालक, युवा, वृद्ध, मृत्यु, घाम, पानी, हावा, हुरी, समय, मौसम, ऋतु, वर्ष यी सबै परिवर्तनशील र स्वाभाविक छन् । त्यसैले आफू कोहीभन्दा कुनै कुरामा कमजोर भन्ने सम्झेर कोही पनि दु:खी नहोऔँ । आफूभित्रको यथार्थलाई स्वीकार गर्दै र समयको यो चक्रलाई बुझ्दै आफ्नो कर्म गर्न नछोडौँ । विडम्बना यो छ कि, मानिस अक्सर स्थिरताको भ्रम पालेर बाँचिरहेको हुन्छ । ऊ आफ्ना आनन्ददायी परिस्थितिहरूलाई सधैं एउटै अवस्थामा उपभोग गर्न चाहन्छ र दु:खका क्षणहरूलाई सदाका लागि मेटिदिने कल्पना गर्छ । तर, जब हामी यथार्थलाई स्वीकार नगरी यो परिवर्तनशील संसारमा जडताको खोजी गर्छौं, तब हामी आफैँमा पीडा र असन्तोषका बीउहरू रोप्न थाल्छौँ ।



यससँगै मानिसको चेतनालाई डस्ने अर्को ठूलो वैचारिक भ्रम हो - अरूसँगको तुलना । समाजमा सफलता र भौतिक अवस्थाको मापन गर्ने जुन गलत परिपाटी बसेको छ, त्यसले हरेक व्यक्तिलाई अर्को व्यक्तिसँग तुलना गर्न बाध्य बनाएको छ । जब हामी अरूको जीवनका 'हाइलाइट' वा चम्किला पानाहरू - जस्तै उनीहरूको सफलता, भौतिक सुख र सामाजिक प्रतिष्ठा - मात्र देख्छौँ र आफ्ना सङ्घर्षका लुकेका पृष्ठहरूसँग त्यसलाई दाँज्छौँ, तब स्वाभाविक रूपमा हीनताबोध र मानसिक सङ्कुचनको जन्म हुन्छ । हामी यो बिर्सन्छौँ कि हामीले देखेको त एउटा छोटो दृश्य मात्र हो, जबकि हरेक व्यक्तिको जीवनको सम्पूर्ण कथा, उसका भित्री घाउहरू र सङ्घर्षका अनगिन्ती पाटाहरू हामीलाई अज्ञात रहन्छन् । अत: अरूको बाहिरी आवरणसँग आफ्नो आन्तरिक अवस्थाको तुलना गर्नु भनेको स्वयंको मौलिकतामाथि गरिने एउटा अक्षम्य अपराध हो । जीवन कुनै निर्धारित दौड होइन, अपितु यो एक अनन्त र अद्वितीय व्यक्तिगत यात्रा हो जहाँ हरेकको बाटो र गन्तव्य फरक छ । संसारको नजरमा कसैले छिटो सफलता प्राप्त गरेको देखिन सक्छ, कसैले निकै ढिलो, तर यसले कसैको जीवनको मूल्यलाई निर्धारण गर्दैन । यदि जीवन एउटा दौड हुन्थ्यो भने हामी सबैले एउटै गन्तव्यमा एउटै समयमा पुग्नुपर्थ्यो, जुन कुरा प्रकृतिको नियमविपरीत छ ।

अवसर भनेको पनि बाह्य परिस्थिति वा सहजता मात्र नभई यो त आन्तरिक विवेक र इच्छाशक्तिको गहिरो समायोजन हो । धेरैजसो मानिसले आफ्ना असफलताको दोष बाह्य कारक वा नियतिलाई दिएर पन्छिने गर्छन् तर तिनीहरूले यो बुझ्दैनन् कि जीवनका बाधाहरू आफैँमा नयाँ सम्भावनाका ढोकाहरू हुन् । कठिन परिस्थितिहरूले मानिसलाई सोच्न, सिक्न र नयाँ उपायहरू खोज्न बाध्य बनाउँछन्, जसले अन्तत: उसको आन्तरिक क्षमतालाई तिखार्ने काम गर्छ । जब हामी समस्यालाई शत्रु नठानेर अवसरको उत्प्रेरक मान्छौँ, तब हाम्रा दृष्टिकोणहरू फराकिला हुँदै जान्छन् । तसर्थ, वास्तविक अवसर बाह्य स्रोतमा मात्र निर्भर नरही, आफ्नो भित्री सामर्थ्यलाई कसरी प्रयोग गर्ने भन्ने विवेकमा निहित हुन्छ । सामाजिक असमानताको यथार्थलाई स्वीकार्दैमा हाम्रो कर्तव्य र व्यक्तिगत सक्रियताको अन्त्य हुँदैन । संसारमा सबैले समान अवसर र परिस्थिति पाउँदैनन्, यो एक कठोर सत्य हो, तर यसैलाई आधार बनाएर निष्क्रिय बस्नु बुद्धिमानी होइन । प्रकृतिले सबैलाई एउटै कार्ड बाँड्दैन, तर हातमा परेको कार्डलाई कस्तो कुशलताका साथ खेल्ने भन्ने जिम्मेवारी पूर्ण रूपमा हाम्रै काँधमा हुन्छ । बाह्य वातावरणको जतिसुकै प्रतिकूलता भए पनि, आफ्नो प्रयासलाई निरन्तरता दिनु नै मानवीय गरिमाको रक्षा गर्नु हो ।

स्वीकृति नै मानव चेतनाको उचाइको मापन गर्ने वास्तविक कसी हो । जीवनका सबै अवस्थाहरू - सुख र दु:ख, सफलता र असफलता, प्राप्ति र गुमाउनु - सिक्काका दुई पाटा हुन्, जसलाई पूर्ण रूपमा स्वीकार गर्न सक्नु नै परिपक्वता हो । दु:खबिना सुखको मिठास र असफलता बिनासफलताको स्वाद कहिल्यै बुझ्न सकिँदैन । जब हामी जीवनका असहज पाटाहरूलाई पनि आफ्नो यात्राको एक भागको रूपमा स्वीकार गर्छौं, तब मनमा अशान्ति होइन, एउटा गहिरो शान्ति र स्थिरताको उदय हुन्छ । समयको चक्रमा कुनै पनि अवस्था र शक्ति स्थायी हुँदैनन्, त्यसैले आजको कुनै पनि स्थितिलाई अन्तिम सत्य मान्नु भ्रम मात्र हो । जो आज शिखरमा छ, भोलि सङ्घर्षको भऱ्याङमा हुन सक्छ, जो आज सङ्घर्ष गरिरहेको छ, भोलि शिखरमा पुग्न सक्छ । जीवनको यो चक्रमा अहङ्कार पाल्नु वा निराशामा डुब्नु दुवै अनुचित छन्, किनकि हामी समयका यात्री मात्र हौँ, मालिक होइनौँ ।

वास्तविक सन्तोष केवल बाह्य प्राप्तिमा नभई भित्री आत्मिक विकासमा निहित हुन्छ, जसले प्रगतिको ढोका खोल्छ । धेरै मानिस सन्तोषलाई प्रगतिको बाधक ठान्छन्, तर वास्तवमा सन्तोष भनेको स्थिरता हो जसको जगमा उभिएर मानिसले शान्त चित्तले ठूला निर्णयहरू लिन सक्छ । जब मनमा असन्तुष्टिको आगो दन्किन्छ, तब निर्णय लिने क्षमता कमजोर हुन्छ । त्यसैले, आफूसँग भएको स्रोत र वर्तमान अवस्थाप्रति सन्तुष्ट रहँदै, थप समृद्धिको लागि प्रयास गर्नु नै प्रगतिको सही र स्वस्थ मार्ग हो । विविधता नै संसारको रङ्गमञ्चलाई अर्थपूर्ण बनाउने प्रमुख आधार हो, जसले जीवनलाई जीवन्त बनाउँछ । यदि सबै मानिस एकैनासका हुन्थे भने यो संसार एक मेसिन जस्तो नीरस हुने थियो । विविधताले नै संसारलाई चुनौतीपूर्ण, रोचक र सुन्दर बनाएको छ । एकअर्काको भिन्नतालाई स्वीकार्नु भनेको नै यस विविधताको सौन्दर्यलाई सम्मान गर्नु हो ।

समग्रमा, हाम्रो जीवनको अन्तिम गन्तव्य एकअर्काप्रतिको बोध, सम्मान र साझा अस्तित्वको स्वीकारोक्ति नै हो । यदि हामीले एकअर्काको पीडा, सङ्घर्ष र भिन्नतालाई हृदयदेखि सम्मान गर्न सिक्यौँ भने, संसारमा द्वेष र विभाजन आफैँ मेटिएर जानेछ । मानव चेतनाको अन्तिम बिन्दु भनेको आफूभित्रको संसार र बाहिरी संसारको बिचको सामञ्जस्य स्थापित गर्नु हो । हामीले जति बढी आफ्नो अस्तित्वको विविधतालाई आत्मसात् गर्छौं, उति नै हामी पूर्णताको नजिक पुग्छौँ । संसारलाई बदल्नुभन्दा पहिले आफूलाई बुझ्नु र आफ्नो चेतनालाई विस्तार गर्नु नै सबैभन्दा ठूलो क्रान्ति हो । अत: जीवनको यो अनन्त यात्रामा आफूलाई चिन्नु, प्रकृतिको शाश्वत नियमलाई आत्मसात् गर्नु र कर्ममा अविचलित रहँदै संसारलाई माया गर्नु नै मानव चेतनाको सर्वोच्च शिखर हो ।

# राष्ट्रिय पुस्तक नीतिको अपरिहार्यता

काठमाडौं । पुस्तक कुनै पनि राष्ट्रको बौद्धिक, शैक्षिक, सांस्कृतिक र सामाजिक विकासको आधार हो । ज्ञान, सूचना, अनुसन्धान, सिर्जना र सभ्यताको संरक्षणमा पुस्तकको महत्त्वपूर्ण भूमिका हुन्छ । नेपालमा पुस्तक क्षेत्र अझै व्यवस्थित हुन सकेको छैन । लेखकका हकअधिकार, प्रकाशनको गुणस्तर, वितरण प्रणाली, पुस्तकालयको अवस्था तथा पाठक विस्तारका क्षेत्रमा चुनौती छन् । पुस्तक क्षेत्रलाई व्यवस्थित, समृद्ध र प्रभावकारी बनाउन पुस्तक नीतिको आवश्यकता पर्दछ । पुस्तक नीतिले पुस्तक लेखन, प्रकाशन, वितरण, अध्ययन संस्कृतिको विकास तथा पुस्तकालय व्यवस्थापनका लागि राज्यले तय गर्ने स्पष्ट योजना र मार्गदर्शनलाई बुझाउँछ । नेपालजस्तो बहुभाषिक र बहुसांस्कृतिक देशमा नेपाली भाषासँगै मातृभाषाका पुस्तक प्रकाशनलाई प्रोत्साहन दिन पनि पुस्तक नीति आवश्यक छ । यसले भाषा, साहित्य र संस्कृतिको संरक्षण गर्नुको साथै लोपोन्मुख भाषा र संस्कृतिको संरक्षणमा योगदान पुऱ्याउँछ ।

हरेक वर्ष अप्रिल २३ मा मनाइने विश्व पुस्तक दिवसले पनि विश्वभर पुस्तकको महत्त्व उजागर गर्न, पढ्ने बानीको विकास गर्न र लेखक तथा साहित्यकारलाई सम्मान गर्न खोजेको छ । सन् १९९५ मा युनेस्कोले यो दिवसको घोषणा गरेसँगै विश्वमा पुस्तक ज्ञानको प्रमुख स्रोत हो, यसले सोच्ने क्षमता र सिर्जनशीलता बढाउँछ एवं संस्कार, शिक्षा र सभ्यताको विकासमा पुस्तकको ठूलो भूमिका हुन्छ भन्ने तथ्यलाई आत्मसात् गरेको छ । नयाँ पुस्तामा पठन संस्कृतिको विकास गर्न पुस्तक नीति आवश्यक छ । आजकल 'डिजिटल' माध्यमको विस्तारसँगै पुस्तक पढ्ने बानी घट्दै गएको चिन्ता छ ।

नेपालका लागि अत्यावश्यक राष्ट्रिय पुस्तक नीति बनाउने प्रक्रियाको सुरुआत २०६५ सालबाट भएको थियो तर विभिन्न अवरोध र चुनौतीको कारण त्यो समयमा काम अघि बढ्न सकेन । २०६९ सालमा पुन: राष्ट्रिय पुस्तक नीति मस्यौदा कार्यदल गठन गरेर यस विषयमा थप गम्भीरता अपनाइएको थियो । त्यो कार्यदलले राष्ट्रिय पुस्तक नीति २०६९ को मस्यौदा तयार गरी तत्कालीन शिक्षामन्त्रीलाई बुझाएको थियो, जसमा पुस्तकहरूको गुणस्तर, वितरण, पहुँच र अन्य महत्त्वपूर्ण पक्षहरूलाई ध्यानमा राखिएको थियो । यसले नेपालको शिक्षा क्षेत्रको सुधार र पुस्तक बजारको व्यवस्थित विकासका लागि एउटा मजबुत आधार तयार गर्न प्रयास गरिरहेको थियो । तर, उक्त नीति पनि विभिन्न कारणहरूले गर्दा जारी हुन सकेन ।

नीति बनाउनकै लागि, तेस्रो पटक, २०७२ फागुन ३० गते तत्कालीन शिक्षामन्त्रीको अध्यक्षतामा राष्ट्रिय पुस्तक नीति मस्यौदा तर्जुमा कार्यदल गठन गरियो । यो कार्यदलले काम गरिरहेको अवस्थामा पुस्तक माफियाहरूको कारण कार्यदललाई काम गर्न दिइएन । त्यसपछि, राष्ट्रिय पुस्तक नीति २०७३ को मस्यौदा निर्माणका क्रममा पुस्तक तथा शिक्षा क्षेत्रका दर्जनौँ सङ्घसंस्था, दुई सयभन्दा बढी शिक्षा क्षेत्रका बुद्धिजीवीहरूको संलग्नतामा नौ महिनाको गहन अध्ययन, सल्लाह र सुझाव लिएर पुस्तक नीति २०७३ को प्रारूप तयार गरिएको थियो । सो पुस्तक नीतिको प्रारूप तयार भएपछि, फेरि पनि देशैभरिबाट शिक्षा तथा पुस्तक क्षेत्रमा संलग्न व्यक्तित्वहरूबाट सुझाव मागिएको थियो र सो सुझावहरूलाई समेत उक्त दस्तावेजमा समावेश गरी राष्ट्रिय पुस्तक नीति २०७३ को मस्यौदा तयार पारिएको थियो ।

झन्डै १० वर्षअघि राष्ट्रिय पुस्तक नीतिको मस्यौदा बने पनि त्यसलाई पारित गरी कार्यान्वयनमा ल्याउन नदिँदा अहिलेसम्म राज्यको महत्त्वपूर्ण क्षेत्र नीतिविहीन बन्न पुगेको छ । आजको डिजिटल युगमा पनि पुस्तकको महत्त्व उत्तिकै छ । त्यसैले नियमित रूपमा पुस्तक पढ्ने बानी बसाल्नु आवश्यक छ । विश्वका कतिपय देशहरूले डिजिटलको अलावा पुस्तकको माध्यमबाट अध्ययन अध्यापन गराउने अभ्यासलाई जोड दिन थालेका छन् । पुस्तकको महत्त्वलाई धेरै देशहरूमा नीतिगत व्यवस्था गरी लेखक, पाठक र प्रकाशकहरूको साझा भूमिकामा जोड दिइएको पाइन्छ ।

संयुक्त राष्ट्रसङ्घीय निकाय, युनेस्कोले सन् १९७२ मा विश्वका १९३ मुलुकमा राष्ट्रिय पुस्तक नीति लागू गर्दा नेपालमा पनि राष्ट्रिय पुस्तक नीति लागू गर्न खोजिएको थियो । पुस्तक नीतिका सन्दर्भमा, युनेस्कोले निर्देश गरेका ज्ञानको स्वतन्त्र र निर्बाध प्रवाहलगायत अवधारणाप्रति भने नेपालले औपचारिक सहमति जनाइसकेको अवस्था पनि छ तर, नेपालका शिक्षा क्षेत्रका माफियाहरूकै चलखेलले गर्दा हालसम्म उक्त पुस्तक नीति नेपालमा लागू गर्न सकिएको छैन । राष्ट्रिय पुस्तक नीतिले समग्र मुलुकको शिक्षा प्रणालीलाई सशक्त र संरचित बनाउने उद्देश्य राख्दछ । यदि यसलाई समयमै प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न सकियो भने नेपालको पुस्तक बजार र शिक्षा प्रणालीमा अत्यन्त सकारात्मक सुधार ल्याउन सकिनेछ ।

राष्ट्रिय पुस्तक नीति जारी नगर्नु भनेको वास्तवमै देशको शैक्षिक, सांस्कृतिक र व्यावहारिक ज्ञान तथा आउँदा पुस्ताहरूको भविष्यमाथि गम्भीर प्रहार गर्नु हो । यस्तो कार्यले पुस्तक उद्योगलाई पूर्णतया नियन्त्रण गर्ने माफिया समूहको आर्थिक प्रभुत्व झन् बलियो बनाउनेछ, जसले शिक्षाको गुणस्तरमा गम्भीर गिरावट ल्याउने खतरा पैदा गर्दछ । वास्तवमा पुस्तक नीतिले शिक्षा क्षेत्रमा पारदर्शिता, पहुँच र गुणस्तर सुनिश्चित गर्दै स्थानीय प्रकाशन उद्योगलाई बलियो बनाउन महत्त्वपूर्ण भूमिका खेल्न सक्नुपर्छ । शिक्षाको गुणस्तर, पाठ्यक्रम सामग्रीको उपलब्धता र प्रकाशन उद्योगको दीर्घकालीन समृद्धि सुनिश्चित गर्न, राष्ट्रिय पुस्तक नीति २०७३ को निरन्तरता कायम राख्न र यसलाई अझ सशक्त बनाउन सबै पक्ष एकजुट हुन आवश्यक छ । यस नीतिको प्रभावकारी कार्यान्वयनले नेपालको शिक्षा प्रणालीलाई गुणस्तरीय र पहुँचयोग्य बनाउने नेपाल पुस्तक सङ्घको ठहर छ ।

मुलुकमा गुणस्तरीय शिक्षा विकास गर्न राष्ट्रिय पुस्तक नीति, रणनीति तथा कार्यनीति बन्न जरुरी हुन्छ । पुस्तकको गुणस्तर वृद्धिको सुनिश्चितता हासिल गर्न, पाठकका रुची र आवश्यकताअनुसारका पुस्तकहरूको उत्पादन, वितरण, भण्डारण तथा पठन संस्कृतिको विकास गर्न पनि नयाँ पुस्तक नीति बन्नु आवश्यक छ । पुस्तकको प्रवर्द्धनलाई व्यवस्थित र चुस्त बनाई, आयात तथा निर्यातलाई व्यवस्थित गर्न र यी सबै क्षेत्रमा आवश्यक व्यावसायिक दक्षता समेत हासिल गर्नका लागि नीतिले मार्गनिर्देश गर्न सक्दछ । खासगरी नयाँ पुस्तामा सामाजिक सञ्जालप्रतिको बढ्दो आकर्षणले गर्दा पुस्तक पठन संस्कृति हराउँदै जान थालेको छ । पुस्तक, पाठ्यपुस्तक, सन्दर्भ पुस्तक र विविध पुस्तकहरूलाई परिभाषित गरी मुद्रित, साङ्केतिक, प्रयोगात्मक, डिजिटल वा अनलाइन पुस्तक निर्माणको आधार, लेखक र सम्पादकको योग्यता, पुस्तकको प्राज्ञिक तथा भौतिक गुणस्तरलगायत विषयलाई पनि ध्यान दिनुपर्ने समय आएको छ ।

नेपालको विद्यालयमा शिक्षाको गुणस्तर गिराउने, पुस्तक बजारलाई अस्तव्यस्त बनाउने र राष्ट्रिय ढुकुटी के-कसरी ब्रह्मलुट गर्न सकिन्छ भन्ने योजनाकार तथा माफियाहरूको गतिविधि गम्भीर चिन्ताको विषय बनिसकेको छ । कसैलराष्ट्रिय पुस्तक नीतिको अपरिहार्यता थाहा नै नपाउने गरी बिस्तारै बहुपाठ्यपुस्तक लागू गर्ने अनि सरकारी विद्यालयका पाठ्यपुस्तकहरू समेत अभिभावकहरूलाई खरिद गर्न लगाउने र जनक शिक्षा सामग्रीजस्ता संस्थालाई सदाका लागि बन्द गराउन खोज्नुले कसैलाई फाइदा पुग्दैन । शिक्षा क्षेत्रको गिरावट र पुस्तक बजारको अस्तव्यस्तता कुनै पनि राष्ट्रको भविष्यमा दीर्घकालीन प्रभाव पार्न सक्छ । यसका कारण, शिक्षामा गुणस्तरको कमी मात्र होइन, जनताको अधिकारको पनि उल्लङ्घन हो । राष्ट्रिय पुस्तक नीति २०७३ को मस्यौदामा पनि केही परिमार्जनहरू गर्न सकिन्छ । पुस्तक नीति केवल प्रकाशन क्षेत्रको नीति होइन, यो राष्ट्रको ज्ञान, चेतना र सभ्यताको भविष्यसँग जोडिएको विषय भएकाले समृद्ध समाज निर्माणका लागि प्रभावकारी पुस्तक नीति अपरिहार्य छ ।

नेपालका आम जनतालाई शिक्षामा गुणस्तरीयता र पुस्तकको पहुँच सुनिश्चित गर्ने उद्देश्य अनुसार जनताका हक र अधिकारहरूको रक्षा गर्दै नेपालको पुस्तक बजारलाई व्यवस्थित र पारदर्शी बनाउने मार्गप्रशस्त गर्नुपर्ने समय आएको छ । वर्तमान समयमा ई-बुक, अडियोबुक तथा डिजिटल पुस्तकालयको महत्त्व बढ्दो छ । अनलाइन प्रकाशन र डिजिटल पुस्तकको व्यवस्थापन गर्ने गरी नीति बन्नु आजको मुख्य आवश्यकता हो ।

*(लेखक नेपाल पुस्तक सङ्घका महासचिव तथा राष्ट्रिय पुस्तक नीति मस्यौदा तर्जुमा कार्यदल सदस्य हुनुहुन्छ ।)* **रासस**

**बीमा लेख हराएको सूचना**

मिति २०८२-१२-१० गते काठमाडौंबाट झापा जाने क्रममा मेरो निम्न व्यहोरा भएको **रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लि.** बाट जारी भएको बीमा लेख हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम** : गंगा श्रेष्ठ
**बि.ले.नं.** 100000005356
**ठेगाना** : हल्दिबारि-७, झापा
**मो.नं.** : 9762330378

# स्वस्थ रहन बरोबर जाँच गर्नुपर्ने




भक्तपुर, १५ वैशाख । भक्तपुर नगरपालिका १० नं वडा कार्यालयको आयोजनामा आँखा, सुगर र प्रेसरको स्वास्थ्य शिविर उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा मङ्गलबार सम्पन्न भयो ।

कार्यक्रममा उपप्रमुख रजनी जोशीले पहिलो प्राथमिकता स्वास्थ्यलाई दिनुपर्ने उल्लेख गर्दै कामदार जनता थला नपरेसम्म अस्पताल नजाने कारणले ठुलो रोगको सामना गर्नुपर्ने स्थिति आउने बताउनुभयो । उहाँले स्वस्थ रहन बरोबर जाँच गर्नुपर्ने बताउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले सम्पदा पुनर्निर्माण र संरक्षण गरिरहेको जानकारी गराउँदै अहिले थन्थु दरबार र अरनिको सभाभवन निर्माण गरिरहेको बताउनुभयो ।

भनपा वडा नं. १० का वडाध्यक्ष एवम् कार्यक्रमका सभापति लक्ष्मीप्रसाद ह्यौंमिखाले जनताको स्वास्थ्य उपचारको लागि नगरपालिकाले सरसफाइमा जोड दिई अस्पताल र स्वास्थ्य चौकी खोलेको बताउँदै विभिन्न तालिम सञ्चालन गरेको बताउनुभयो ।

उहाँले वैशाख १८ गते मे दिवस अर्थात् मजदुर आन्दोलनको उपलब्धिबाट कामदार जनताले राहत पाएको बताउनुभयो । उहाँले विद्यालयमा हप्ताको एक दिन बिदा अभिभावक र विद्यार्थीहरूको हितमा गरेको बताउनुभयो । उहाँले ख्वप अस्पताल जनताको सेवाको लागि सञ्चालन गरिरहेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा जितेन्द्र मुनंकर्मी र लक्ष्मीप्रसाद चवालले पनि बोल्नुभएको थियो । स्वास्थ्य शिविरमा करिब २०२ जना वडावासीले लाभ लिएको वडा निरीक्षक रामकृष्ण प्रजापतिले बताउनुभयो ।

# चिनियाँ समुद्री प्रहरीद्वारा कानुनबमोजिम जापानी पानीजहाज निष्काशन

पेइचिङ, १५ वैशाख (सीआरआई) । चीनको समुद्री प्रहरी व्युरोका प्रेस प्रवक्ता च्याङ ल्युएका अनुसार, अप्रिल २८ का दिन जापानी कुनिनाका नम्बर मत्स्य जहाजले अवैध रूपमा चीनको त्याउ यु टापुको समुद्री क्षेत्रमा प्रवेश गरेको छ । चिनियाँ समुद्री प्रहरीले कानुनबमोजिम त्यसमाथि आवश्यक नियन्त्रण कदम चाल्नुका साथै त्यसलाई त्यहाँबाट निष्काशन गरिसकेको छ ।

प्रवक्ता च्याङका अनुसार, त्याउ यु टापु र त्यसका वरपरका टापुहरू चीनको अविच्छिन्न भूभाग हो । तत्काल त्यसै समुद्री क्षेत्रमा चलाइरहेका सबै उत्तेजित कारबाही बन्द गर्न चीनले जापानलाई ताकेता गरेको छ । आगामी दिनमा चिनियाँ समुद्री प्रहरीले लगातार त्याउ यु टापु समुद्री क्षेत्रमा अधिकारको संरक्षण गर्ने र देशको सार्वभौमिकता तथा सामुद्रिक हक–अधिकारको संरक्षण गर्ने कारबाही चलाउँदै जाने जानकारी पनि प्रवक्ता च्याङले दिनुभएको छ ।

अप्रिल १७ का दिनदेखि जापानी समुद्री आत्मरक्षा बलको विध्वंसक जहाज थाइवान जल डमरू पार गरेर लगभग १४ घण्टा घुमेको थियो । यो तथाकथित ‘स्वतन्त्र नौवहन’ होइन, तर जापानले युद्धपछिको आफ्नो प्रतिबद्धता उल्लङ्घन गर्ने, चीन–जापान सम्बन्धको राजनीतिक आधारलाई चुनौती दिने र ‘नयाँ सैन्यवाद’ लाई प्रवर्द्धन गर्ने जानाजानी उक्साहट हो । चिनियाँ जनमुक्ति सेनाले त्यसको पूर्ण अनुगमन, निगरानी तथा सतर्कता र प्रभावकारी नियन्त्रण गरेको थियो । जसले थाइवान जल डमरूको समग्र अवस्थालाई नियन्त्रण गर्ने क्षमता र स्थितिलाई प्रभावकारी रूपमा नियन्त्रण गर्ने दृढता प्रदर्शन गर्दछ ।

सुरुदेखि नै जापानी जहाजको कार्यसँग राजनीतिक चाल र सैन्य उक्साहट विद्यमान छ । समयको सन्दर्भमा, १३१ वर्षअघिको अप्रिल १७ मा, जापानले चीनविरुद्ध आक्रामण गरेबाट छिङ वंशको सरकारलाई सन्धिमा हस्ताक्षर गर्न बाध्य बनाएर थाइवान र पेङ्हु टापुहरूमा आक्रमण गरेको थियो । जापानी विध्वंसकले यस दिनमै थाइवान जलडमरू पार गर्ने गतिविधिमा यो संवेदनशील नोडको प्रयोग गरेर घटना सिर्जना गर्ने र चिनियाँ जनताको भावना भङ्ग गर्ने साथै ‘थाइवान स्वतन्त्रतावादी’ शक्तिलाई समर्थन गर्ने र एसिया–प्रशान्त क्षेत्रमा आफ्नो सैन्य उपस्थितिलाई बलियो बनाउने मनसाय पाल्दै आएको छ ।

ताकाइची सानाए शासन सत्तामा आएपछिका घटनाहरूबाट हेर्दा जापान सरकारले थाइवान मामिलामा आफ्नो प्रतिबद्धता उल्लङ्घन र चीन–जापान सम्बन्धको राजनीतिक जगलाई गम्भीर रूपमा प्रभावित गरेको छ र जापानको ‘नयाँ सैन्यवाद’ पूर्ण रूपमा पुनर्जीवित भइरहेको छ । यो सैन्य विस्तारको विचारले जापानको सबै तहमा प्रवेश गरेर एसिया–प्रशान्त क्षेत्रको लागि वास्तविक खतरा खडा गरेको छ । जापानी जनमतलगायत अन्तर्राष्ट्रिय जगतले त्यसप्रति कडा चिन्ता व्यक्त गरेका छन् ।

करिब ८० वर्षअघि जापानी सैन्यवादले आक्रामक युद्ध सुरु गरेर एसियाका जनतामा विनाश ल्याएको थियो । हाल जापानको ‘नयाँ सैन्यवाद’ पुरानै बाटोमा फर्किएको छ । यो वास्तविक खतराको सामना गर्दा, अन्तर्राष्ट्रिय जगत चुप लाग्नु हुँदैन र बेवास्ता गर्नुहुँदैन । जिम्मेवार ठुलो देशको रूपमा, चीनसँग राष्ट्रिय सार्वभौमिकता र क्षेत्रीय अखण्डताको रक्षा गर्ने दृढ इच्छाशक्ति, पूर्ण विश्वास र पर्याप्त क्षमता छ । यदि जापानले पछुतो नगरी अडिग भएमा चीनले थाइवान जलडमरू मामिलामा हस्तक्षेप गर्ने कुनै पनि प्रयासलाई दृढतापूर्वक नष्ट गर्न र क्षेत्रीय शान्ति र स्थिरताको रक्षा गर्न सबै आवश्यक उपाय अपनाउनेछ ।

# स्टार्मरमाथि बढ्दो राजनीतिक दबाब

लन्डन, १५ वैशाख (एपी) । संयुक्त राज्य अमेरिकाका लागि बेलायतका राजदूत नियुक्तिसम्बन्धी विवादले प्रधानमन्त्री कीर स्टार्मरलाई फेरि एकपटक गम्भीर राजनीतिक दबाबमा पारेको छ । पिटर म्यान्डेलसनको विवादास्पद नियुक्तिलाई लिएर संसद्मा अनुसन्धान गराउने कि नगर्ने भन्ने विषयमा मङ्गलबार निर्णायक बहस र सम्भावित मतदान हुने तय भएको छ ।

स्टार्मरका पूर्व चिफ अफ स्टाफ मोर्गन म्याकस्विनीले सांसदहरूको एक समूहसमक्ष गवाही दिनुहुनेछ, जहाँ उहाँलाई सुरक्षा जाँचमा प्रश्न उठ्दा पनि म्यान्डेलसनलाई किन यस्तो संवेदनशील कूटनीतिक जिम्मेवारी दिइयो भन्नेबारे सोधपुछ गरिनेछ । हाउस अफ कमन्सको विदेश मामिला समितिले बिहानै उहाँसँग प्रश्नोत्तर गर्ने कार्यक्रम राखेको छ । त्यसपछि पूर्ण सदनमा यस विषयमा चर्को बहस हुने अपेक्षा गरिएको छ ।

विपक्षी कन्जरभेटिभ पार्टीले यो नियुक्ति प्रक्रियामा गम्भीर त्रुटि भएको आरोप लगाएको छ । पार्टीकी नेतृ केमी बाडेनोचले स्टार्मरले ‘पूर्ण उचित प्रक्रिया अपनाइएको’ भनेर संसद्लाई पटक–पटक भ्रमित पारेको दाबी गर्नुभएको छ । यसै आधारमा स्टार्मरलाई संसद्को विशेषाधिकार समितिमा पठाएर औपचारिक अनुसन्धान गर्नुपर्ने माग गरिएको छ ।

यो प्रकरण स्टार्मरका लागि थप जटिल बन्दै गएको छ । केही हप्तादेखि उहाँले म्यान्डेलसन प्रकरणकै कारण उठिरहेका राजीनामाका मागहरू व्यवस्थापन गर्न सङ्घर्ष गरिरहनुभएको छ । म्यान्डेलसनको नाम अमेरिकी यौन अपराधी जेफ्री एपस्टेनसँगको सम्बन्धका कारण विवादमा तानिएको थियो । नयाँ विवरण सार्वजनिक भएपछि स्टार्मरले सेप्टेम्बरमा उहाँलाई पदबाट हटाउनुभएको थियो ।

यसैबिच, सन् २००९ मा सरकारमा रहँदा एपस्टेनलाई संवेदनशील सरकारी जानकारी दिएको आरोपमा फेब्रुअरीमा म्यान्डेलसनमाथि प्रहरी अनुसन्धान पनि सुरु भएको थियो । म्याकस्विनीले म्यान्डेलसनको नियुक्तिमा आफ्नो भूमिका स्वीकार गर्दै यसअघि नै राजीनामा दिनुभएको थियो ।

पूर्व उच्च निजामती कर्मचारी ओली रोबिन्सले भने प्रधानमन्त्री कार्यालयका कर्मचारीहरूले नियुक्ति प्रक्रिया छिटो पार्न दबाब दिएको आरोप लगाउनुभयो । उहाँका अनुसार म्यान्डेलसनलाई अमेरिकामा नयाँ प्रशासनको दोस्रो कार्यकाल सुरु हुनुअघि नै पदस्थापन गराउने उद्देश्यले हतार गरिएको थियो । सुरक्षा अधिकारी इयान कोलार्डले पनि ‘छिटो परिणाम निकाल्न दबाब’ आएको स्वीकार गर्नुभयो । यद्यपि त्यसले आफ्नो निर्णयलाई असर नगरेको उहाँको भनाइ छ ।

प्रधानमन्त्री स्टार्मरले भने आफ्नो कार्यालयबाट कुनै पनि प्रकारको दबाब नदिइएको दाबी गर्नुभएको छ । यद्यपि, सुरक्षा जाँच एजेन्सीको सिफारिसविपरीत म्यान्डेलसनलाई स्वीकृति दिइएको तथ्य सार्वजनिक भएपछि यस महिनाको सुरुआतमै रोबिन्सलाई बर्खास्त गरिएको थियो । स्टार्मरले आफूलाई सुरक्षासम्बन्धी चिन्ताबारे जानकारी नदिइएकोप्रति ‘आश्चर्य’ व्यक्त गर्नुभएको थियो ।

राजनीतिक विश्लेषकहरूका अनुसार यो विवादले स्टार्मरको नेतृत्व क्षमतामाथि प्रश्न उठाएको छ । सन् २०२४ को निर्वाचनमा ठुलो जित हासिल गरेयता उहाँले पटक–पटक निर्णयगत कमजोरी देखाएको आरोप आलोचकहरूले लगाउँदै आएका छन् ।

यसअघि फेब्रुअरीमै केही लेबर सांसदहरूले राजीनामाको माग उठाए पनि स्टार्मरले स्थिति नियन्त्रणमा राख्न सफल हुनुभएको थियो । तर मे ७ मा हुने स्थानीय तथा क्षेत्रीय चुनाव नजिकिँदै गर्दा यो मुद्दाले थप राजनीतिक जोखिम निम्त्याउन सक्ने देखिएको छ । ती चुनावलाई मतदाताहरूले सरकारको मध्यावधि मूल्याङ्कनको अवसरका रूपमा हेर्ने गरिन्छ ।

प्रधानमन्त्रीलाई विशेषाधिकार समितिमा पठाउन लेबर पार्टीभित्रै ठुलो सङ्ख्यामा सांसदहरूले विपक्षीसँग मिलेर मतदान गर्नुपर्नेछ, जुन सम्भावना कम मानिएको छ । स्टार्मरले आफ्ना सांसदहरूलाई एकजुट रहन आह्वान गर्दै विपक्षी प्रस्तावलाई चुनावअघिको ‘राजनीतिक स्टन्ट’ भनेर टिप्पणी गर्नुभएको छ ।

**शिक्षकप्रति...**

नेमकिपाका केन्द्रीय सदस्य एवं भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले वडामा आगामी दिनमा नसर्ने रोगसम्बन्धी परीक्षण, विभिन्न विकास निर्माणका विषयमा सार्वजनिक परीक्षण कार्यक्रमका साथै भक्तपुरका अस्पतालहरूको स्तरोन्नति गर्ने कार्यहरू भइरहेको बताउनुभयो । उहाँले देकोमिवा जग्गा एकीकरण आयोजनाका सरोकारवाला पक्षहरूसँग विभिन्न चरणमा छलफलहरू भई अधिकांश विषय टुङ्गोमा पुगिसकेको जानकारी गराउनुभयो ।

नेमकिपा भक्तपुर नगर समितिका सदस्य नारायणप्रसाद त्वानाबासुले अमेरिकालगायतका देशहरूमा मजदुरहरूलाई अत्यन्त कम ज्याला दिएर राजनीतिक अधिकारबाट वञ्चित गरिराखेको कारण मजदुर आन्दोलन सफल भएको बताउनुभयो । उहाँले पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएको कारण देखाई देशभरिका कार्यालय, अस्पताल र विद्यालयहरूलाई हप्ताको दुईदिन बिदा दिने निर्णय गरेर वर्तमान सरकारले काम गरी खाने मजदुरवर्गलाई अत्यन्त समस्यामा पार्ने काम गरेको छ भन्नुभयो ।

उहाँले अस्पतालजस्तो संवेदनशील क्षेत्रमा दुई दिन बिदा हुँदा बिरामीको चाप बढेको र जनताको उपचारमा ढिलाइ हुन गएकोले यसबाट जनस्वास्थ्यमा नकारात्मक असर पर्ने विचार व्यक्त गर्नुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्ला समितिका सदस्य बिक्रम ढुकुछुले मई दिवसको ऐतिहासिक पृष्ठभूमिबारे प्रकाश पार्दै वर्तमान सरकारले देशमाथि ऋणको भारी थपेको र भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादविरुद्ध कुनै आवाज नउठाएको विचार व्यक्त गर्नुभयो ।

आयोजक समितिका अध्यक्ष कृष्णगोविन्द खाइजुको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा बद्रीराम छुस्याबाग, बलराम गोसाई र लक्ष्मीप्रसाद रंजितले पनि बोल्नुभएको थियो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

**ख्वप माध्यमिक विद्यालय**

भ.न.पा. ६, देकोचा, भक्तपुर

## पुन: अनलाइन सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८३/०१/१६

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालयका लागि आँखीझ्याल खरिद गर्नुपर्ने भएकोले दरभाउपत्रको Bid Document मा तोकिएको Specification अनुसारका इजाजत प्राप्त फर्म कम्पनीहरूले इजाजत प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, २०८१/८२ को करचुक्ता प्रमाणपत्रसमेत संलग्न गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको webportal (www.bolpatra.gov.np/egp) मार्फत Online Bid Submission गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| S.N. | Contract ID: | Description | Bid fee (Sealed Quotation) | Bid Security Amount |
|---|---|---|---|---|
| 1. | Khwopass/SQ/Goods /LW/082/83 | Supply, Delivery and Fixing of Carved Salwood Lattice Window | 1000.00 | 35000.00 |

**बैङ्कको नाम** : नेपाल बैङ्क लिमिटेड, कमलविनायक, भक्तपुर शाखा,
**खातावालाको नाम**: ख्वप माध्यमिक विद्यालय
**फाराम शुल्क जम्मा गर्ने आम्दानी खाता नं.**: ०१९००१०००२३९८८००००१
**धरौटी रकम जम्मा गर्ने खाता नं.**: ०१९००१०००२४००९००००१
**दरभाउपत्र पेस गर्ने अन्तिम मिति/समय** : २०८३/०१/३१ गते, दिउँसो १२:०० बजेसम्म
**दरभाउपत्र खोल्ने मिति/समय** : २०८३/०१/३१ गते, दिउँसो १३:०० बजे


स्वास्थ्यमा ध्यान दिऔं।

- सन्तुलित र पोषणयुक्त खाना खाऔं,
- नियमित योग, ध्यान, व्यायाम र हिंडडुल गरौं,
- शारीरिक क्रियाकलापमा सक्रिय बनौं,
- सरसफाइमा विशेष ध्यान दिऔं,
- बालबालिकालाई समयमै खोप लगाऔं,
- नियमित स्वास्थ्य परीक्षण गरौं,
- धुमपान, मदिरा तथा लागूपदार्थको प्रयोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं,
- स्वास्थ्यसम्बन्धी जानकारी आधिकारिक स्रोतबाट लिऔं।

स्वस्थ जीवनशैली अपनाऔं, स्वस्थ बनौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**हार्दिक समवेदना**



जन्म
१९८८/११/२१

स्वर्गारोहण
२०८३/०१/१३

यस संस्थाका सञ्चालक समितिका सचिव राम छुस्याकीकी ममतामयी आमा तथा यस संस्थाका सदस्यता नं.९१ का सदस्य **तुल्सीमाया छुस्याकी**को दु:खद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण तथा मृतात्माको चिरशान्तिको कामना गर्दै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**विश्वकर्मा बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह–८, भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा